अघि बढ्नुको विकल्प छैन : उप्रेती | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक २१३ • २०८० साल पुस १५ गते आइतबार (31 December, Sunday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# माग समबोधन नभए आन्दोलनमा जाने तयारीमा छौं :मुख्यमन्त्रीहरु

**टुडे समाचारदाता**

काठमाण्डु। सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐन, प्रहरी समायोजन ऐन सङ्घीयताकार्यान्वयनसम्बन्धीऐननिर्माण लगायतका संविधान प्रदत्त प्रदेशको अधिकार प्रदान गर्न सातै प्रदेशका मुख्यमन्त्रीहरुले संयुक्त रुपमा प्रधानमन्त्री पुष्कमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गराएका छन्।

संघीय सरकारले प्रदेशको मागलाई तत्काल सम्बोधन गर्नुपर्नेमा जोडदिदै मुख्यमन्त्रीहरुले अब ढिला गरिए आन्दोलनमा जान बाध्य हुने धम्की समेत दिएका छन्।

नेपालमा प्रदेश सरकार अस्तित्वमा आएको दोस्रो कार्यकाल चलिरहेको छ।तर हाल सम्म संघीय सरकारले प्रहरी प्रशासनलाई प्रदेश सरकारको अधिनमा राखेको छैन् ।प्रदेश स्तरीय प्रहरी संरचना बनाइएपनि त्यसको सञ्चालन संघीय सरकारले नै गरिरहेको छ।



प्रहरी समायोजन र निजामती कर्मचारी ऐनका लागि प्रदेश सरकार हरुले निरन्तर संघीय सरकारमाथि दवाव बनाएपनि त्यो हाल सम्म सार्थक हुन सकेको छैन् ।प्रदेश सरकारले सभासदहरु सहित काठमाण्डुमा धर्ना दिने धम्की दिएपनि प्रधानमन्त्रीले हाल सम्म आश्वासन बाहेक केहि दिएका छैनन्।

बागमती प्रदेशको राजधानी हेटौंडामा शुक्रवार भएको मुख्यमन्त्रीहरुको सम्मेलनले मधेश प्रदेशको एजेण्डामाथि सहमती जनाउँदै कार्यान्वयनका लागि शनिवार प्रधानमन्त्री प्रचण्डलाई भेंटेर दवाव दिएका छन्।

प्रधानमन्त्री प्रचण्डले सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि अत्यावश्यक सङ्घीय कानुन निर्माणका निम्ति आफू गम्भीररूपमा लागिपरेको मुख्यमन्त्रीहरुलाई बताए

प्रधानमन्त्री निवास बालुवाटारमा भएको सातै प्रदेशका मुख्यमन्त्रीसँगको सामूहिक छलफलका क्रममा प्रधानमन्त्री दाहालले सङ्घीयताको परिकल्पनाकार र संविधान निर्माणको समेत अगुवा हुनुको नाताले आफ्नो ध्यान सङ्घीयताको कार्यान्वयनमा केन्द्रित भएको विश्वास दिलाउने प्रयास गरे।

'तपाईहरू सबै जानकार नै हुनुहुन्छ, मैले नै सङ्घीय गणतन्त्रको परिकल्पना गरी त्यसका निम्ति सङ्घर्ष गरेको थिएँ ' उनले भने, त्यसलाई संविधानमा लिपिबद्ध गर्नसमेत भूमिका खेलेको छु, नेतृत्व लिएको छु, त्यसैले सङ्घीयता कार्यान्यिवन मेरो सबैभन्दा ठूलो चासो र प्राथमिकताको विषय हो।

# अचानक मौसम परिवर्तन

**टुडे समाचारदाता**

जनकपुरधाम ।नेपालको तराई/मधेशमा शनिवार अचानक मौसममा परिवर्तन भएको छ ।शुक्रवार दिनभरि नै घाम लागेको मधेशमा शनिवार बिहानदेखि नै चिसो बढेको छ।

खराब मौसमको कारण विमान सेवा प्रभावित भएको छ। खराब मौसमको कारण विमान उडान नहुँदा प्रदेशका मुख्यमन्त्री लगायत कयौं नेताहरु राजधानी काठमाण्डुमा रोखिएको बताइएको छ।

बद्ध एयर जनकपुरका ईञ्चार्ज विजय सिंहका अनुसार बिमान स्थलको भिजिवलिटी दिनभरि नै ६ सय भन्दा कम रहेकाले विमानस्थल खुलेन। दिनभरि हावा चलेपछि साँझ जाडो समेत अत्यधिक बढेको छ ।मौसम परिवर्तन भएसँगै जनजीवन प्रभावित भएकोछ।

मध्य पुस सम्म खासै जाडो महसुस नगरेका नेपालका दक्षिणी भेगका बासिन्दाहरु अचानक चिसो बढेपछि समस्यामा देखिएका छन्। राती पनि हवा जोरले चलेको छ।

# श्रोत नखुलेको ८ लाख बरामद

**टुडे समाचारदाता**

लहान ।स्रोत नखुलेको ८ लाख नेपाली रुपैया सहित सशस्त्र प्रहरी बलले दुई जनालाई शनिवार सिरहामा पक्राउ गरेको छ।

बरियारपट्टी गाउँ पालिका वडा नम्बर ३ बरियारपट्टी सीमा सशस्त्र प्रहरी बल नेपालको चेकपोईन्ट टोलिले अवैध रुपमा भारतबाट नेपाल तर्फ साईकलमा समान ओसारपसार गर्ने ब्यक्ति संग श्रोत नखुलेको नेपाली ८ लाख रुपैया प्रहरीले बरामद गरेको छ।

प्रहरीले चेकजाँचको क्रममा उनीहरुले साईकलमा बोकेको एक बोरा दाल र एक बोरा सागर सुध समेत बरामद गरिएको सशस्त्र प्रहरी सीमा सुरक्षा बलका एसपी शिवप्रसाद गैरीले जनाएका छन्।

बरियारपट्टी गाउँ पालिका वडा नम्बर ३ बरियारपट्टी बस्ने बर्ष १९ को ओमनाथ नारायण मण्डलको साथबाट ४ लाख ५० हजार र धनगडीमाई नगरपालिका ७ बस्ने बर्ष १९ को ओम प्रकाश महतोसित ३ लाख ५० हजार रहेको एसपी गैरले जनाए।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)

साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह

एन.एम.सी.नं. १५०४०


एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)

एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)

कन्सल्टेन्ट न्यूरोसर्जन

- यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।
- यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)








टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९




मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

आवश्यकता

यस अंजनी सुइटका लागि तपसिलका कर्मचारीको आवश्यकता भएकोले सो पदमा कार्य गर्ने इच्छुक महानुभावहरुले सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

| सि. नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | लेखापाल (पुरुष/महिला) | १ (एक) | कम्प्युटरको शीप भएको |
| २. | रिसेपनिष्ट (महिला) | केही | कम्प्युटरको शीप भएका |

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा



# राम्रा काम गरेर देखाउन कांग्रेस जनप्रतिनिधिलाई महामन्त्री थापाको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले देशको तीन वटै तहका सरकारमा रहेका कांग्रेसका जनप्रतिनिधिलाई देश र जनताको पक्षमा राम्रा काम गरेर देखाउन निर्देशन दिनुभएको छ।



कांग्रेस भक्तपुर क्षेत्र नं २ ले शनिबार यहाँ आयोजना गरेको क्षेत्रीय सम्मेलनको उद्घाटन गर्दै महामन्त्री थापाले कांग्रेसबाट प्रतिनिधित्व गरेका वडा, पालिका, प्रदेशदेखि सङ्घीय सरकारसम्म सबैले राम्रो काम गरेर देखाउनुपर्ने बताए।

नेता थापाले भने, "हामी जताततै सरकारमा छौँ, वडामा अध्यक्ष, गाउँपालिकामा अध्यक्ष, नगरपालिकामा प्रमुख, प्रदेशमा मुख्यमन्त्री, मन्त्री छौँ, सङ्घीय सरकारमा मन्त्री छौँ, सांसद पनि छौँ । जताततै सरकारमा कांग्रेस बहुमतमा छौँ, तर जताततै समस्या छ, समस्या हटाएर शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा राम्रा काम गरेर देखाउन सके कुनै मिसन ८४ कुर्नुपर्दैन, जनता आफैले कांग्रेसलाई बहुमत दिन्छन् ।"

महामन्त्री थापाले वडा, नगरपालिका प्रमुखका उम्मेदवारको टिकट सोही ठाउँका क्रियाशील सदस्यले मतदान गरेर चुनेर पठाउनुपर्ने बताए। आगामी निर्वाचनमा कांग्रेसले कुनै हालतमा गठबन्धन नगर्ने बताउँदै उहाँले आफू देश दौडाहामा जाँदा अर्को पार्टीको चुनाव चिह्नमा मतदान गर्दाको कार्यकर्ताको पीडाले मन दुःखेको बताए।

महामन्त्री थापाले भने, "कांग्रेस आफै एक्लै चुनाव लड्न सक्षम छ, चुनाव जित्ने नाममा कुनै पार्टीसँग अब गठबन्धन गर्दैन, कांग्रेसले राम्रो काम गरेर देखाउन सके जनताले पत्याउँछन्, नसके हार्छ, कांग्रेस हार्न तयार छ, तर गठबन्धन गर्न तयार छैन, यो निर्णय अब महासमिति बैठकले गर्छ ।" उनले प्रधानमन्त्री पुष्पकमल दाहाललाई कांग्रेसले विश्वास गरेर सरकारको नेतृत्व गर्न दिएको बताए।

देशमा कांग्रेस नभए जातीय, धर्म वा अन्य कुनै अतिवादको चपेटामा परेर देश गृहयुद्धमा फस्ने दाबी गर्दै महामन्त्री थापाले बालकुमारीमा दुई जनाको ज्यान जाने गरी भएको घटना जनआक्रोसको एउटा नमुना भएको बताए । देश दौडाहामा जाँदा अहिले जहाँतत्तै नेपाली कांग्रेस सकियो, सबै भत्कियो भनेर कांग्रेसकै कार्यकर्तामा निराशा छाएको बताए।

कार्यक्रममा भक्तपुरका पुराना कांग्रेस नेता तिलकप्रकाश कायस्थ, बिमली आचार्य, लेखनाथ न्यौपानेलाई जिउँदा शहीदको उपनाम दिँदै दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरी महामन्त्री थापाले सम्मान गर्नुभयो। कांग्रेस भक्तपुर क्षेत्र नं २ का सभापति भेषबहादुर कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य रमा पौडेल, मदनकृष्ण श्रेष्ठलगायतका नेताहरुले कांग्रेसलाई अगाडि बढाउन सुदृढिकरण अभियान लिएर जानुपर्ने बताए।

# बालकुमारी घटनाको छानबिन सुरु भइसक्यो

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले ललितपुरको बालकुमारीमा घटनाको निष्पक्ष छानबिनका लागि एक उच्चस्तरीय समिति गठन भई कार्यारम्भ गरिसकेको स्पष्ट पारेको छ।




सो घटनाको छानबिन गर्न गृह मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदन अनुसार पूर्णरुपमा कार्यान्वयन गर्ने विश्वाससमेत दिलाएको छ । शुक्रबार ललितपुरको बालकुमारीस्थित इपिएस कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनका समयमा हुन गएको अप्रत्याशित घटनामा अछाम चौरपाटी गाउँपालिका-१ का वीरेन्द्र शाह र दैलेख महाबु गाउँपालिका-६ का सुजन राउतको मृत्यु भएको गृह मन्त्रालयले स्पष्ट पारेको छ।

सो घटनाका सम्बन्धमा गृह मन्त्रालयले निधन भएकाहरु श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । सरकारका तर्फबाट मृतकका परिवारलाई प्रतिपरिवार रु दश लाख राहत उपलब्ध गराउने निर्णय आजैको मन्त्रिपरिषद्को बैठकले गरिसकेको छ।

छानबिन समितिले काम गरिरहेकाले सो समितिले दिने प्रतिवेदनअनुसार कार्यान्वयन गरिने भएकाले छानबिन समितिको कामलाई वस्तुनिष्ठ बनाउन घटनास्थलान खटिएका सुरक्षा अधिकारीलाई फिर्ता बोलाई निलम्बन गरिएको छ।

ललितपुरका प्रहरी नायब उपरीक्षक उमेश लम्साल र भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको सुरक्षामा खटिएका व्यक्तिगत सुरक्षा अधिकृत प्रहरी सहायक निरीक्षक बोधराज दनुवारलाई निलम्बन गर्ने निर्णय गरिएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

त्यस्तै, इपिएस कोरिया शाखा कार्यालयका निर्देशक गुरुदत्त सुवेदीलाई निलम्बन गर्ने निर्णय भइसकेको छ। ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई गृह मन्त्रालयमा र जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षकलाई नेपाल प्रहरी प्रधान कार्यालयमा फिर्ता गरिएको छ।

घटनाका सन्दर्भमा गृह मन्त्रालय अत्यन्त संवेदनशील रहेको स्पष्ट पार्दै विज्ञप्तिमा उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै आफ्ना विषय शान्तिपूर्ण रुपमा राख्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्न सरकार निरन्तर लागि परेको स्पष्ट पारेको छ।

# बालकुमारीमा गोली चलाउन आदेश दिने सुरक्षा अधिकारी निलम्बित



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले ललितपुरको बालकुमारीमा शुक्रबार भौतिक तथा मानवीय क्षति हुने गरी भएको घटनामा लापरबाही गर्नेहरुलाई कारबाहीको दायरामा ल्याउने भएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अन्य विकल्पहरुको प्रयोग नगरी गोली चलाउन आदेश दिने प्रहरी अधिकारीलाई छानबिन पूरा नभएसम्म निलम्बन गरिएको जानकारी दिए।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)को छैटौँ राष्ट्रिय ट्रेड युनियन सम्मेलनलाई शनिबार यहाँ सम्बोधन गर्ने क्रममा प्रधानमन्त्रीले रोजगार अनुमति प्रणाली (इपिएस) कोरिया शाखाका प्रमुख र सुरक्षा अवस्थाको विश्लेषण नगरी सो क्षेत्र हुँदै भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वाला सवार सवारी साधन लैजाने सुरक्षाकर्मीलाई पनि निलम्बन गरिएको बताए । प्रधानमन्त्रीसँगको परामर्शपछि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनमा उनीहरुलाई निलम्बन गरिएको हो।

ललितपुरको बालकुमारीमा शुक्रबार भएको उक्त घटनामा दुईजनाको ज्यान गएको थियो भने मन्त्री ज्वाला सवार सवारी साधनमा आगजनी भएको थियो । कोरियाली भाषा परीक्षाबाट आफूहरुलाई वञ्चित गरिएको भन्दै केही युवाले प्रदर्शन गरेका थिए । प्रदर्शनले हिंसात्मक रुप लिएपछि जनधनको क्षति भएको थियो।

प्रधानमन्त्रीले सो घटनामा परी ज्यान गुमाएका व्यक्तिका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न आजै मन्त्रिपरिषद्को बैठक बोलाइएको बताए। प्रधानमन्त्रीले शनिबार बिहान उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठ, गृहसचिव दिनेश भट्टराईलगायत सुरक्षा अङ्गका प्रमुखसँग सो घटनाका बारेमा जानकारी लिएका थिए । प्रधानमन्त्रीले सत्ता साझेदार दलसँग पनि उक्त घटनाका सम्बन्धमा छलफल गरिएको जानकारी दिए।

# मृतकका परिवारलाई दश लाख क्षतिपूर्ति

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले शुक्रबार ललितपुरको बालकुमारीमा शुक्रबार भएको घटनामा परी निधन भएका दुई युवकका परिवारलाई क्षतिपूर्तिस्वरुप जनही रु १० लाख उपलब्ध गराउने भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार भएको मन्त्रिपरिषद्को आकस्मिक बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिईन । उक्त घटनामा परी दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको निधन भएको थियो । सरकारले मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले जानकारी दिईन।

उक्त घटनामा परी घाइते भएकाको उपचारको प्रबन्ध सरकारले मिलाउने भएको छ । घाइतेको उपचारका लागि अर्थमन्त्रालयले गृह मन्त्रालयलाई आवश्यक बजेट उपलब्ध गराउने मन्त्रिपरिषद्ले निर्णय गरेको छ । साथै सरकारले शान्तिसुरक्षा कायम गर्न सबैलाई आग्रह गरेको छ।

उक्त घटनाको छानबिन गर्न गृह मन्त्रालयले शुक्रबार नै समिति गठन गरेको जानकारी दिँदै मन्त्री शर्माले भविष्यमा यस्ता घटना हुन नदिनेतर्फ सरकार सचेत रहेको बताए। फरक एक प्रसङ्गमा मन्त्री शर्माले सङ्घीय निजामती ऐन, सङ्घीय प्रहरी ऐनलगायत सङ्घीयता कार्यान्वयनसँग जोडिएका ऐनलाई शीघ्र जार गर्न प्रधानमन्त्रीले प्रतिबद्धता व्यक्त गर्नुभएको जानकारी दिए। सातै प्रदेशका मुख्यमन्त्रीले शनिबार प्रधानमन्त्रीलाई भेटेर सङ्घीयता कार्यान्वयनका निम्ति आवश्यक कानुन तत्काल जारी गर्न माग गरेका थिए।



# महिला उद्यमशीलतामा जोड दिन आग्रह

**टुडे समाचारदाता**

पोखरा । आर्थिक समृद्धिका लागि महिलालाई उद्यमशील बनाउन नीतिगत तहबाट विशेष कार्ययोजना हुनुपर्नेमा पर्यटन व्यवसायी महिलाले जोड दिएका छन्।

पोखरामा इयु नेपाल ट्रेड एन्ड इन्भेष्टमेन्ट कार्यक्रमको आयोजना र महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को समन्वयमा पोखरामा गण्डकी प्रदेशको सेवा क्षेत्रमा महिला उद्यमीका लागि लगानी पूर्वाधार तयारी विषयक कार्यक्रममा सहभागी पर्यटन व्यवसायीले महिलाले सो कुरामा जोड दिएकी हुन्।

कार्यक्रममा सहभागी पर्यटन व्यवसायी शर्मिला न्यौपानेले राज्यले कनिका छरे जस्ता टुक्रे कार्यक्रममा महिलालाई भुलाइराखेको र नतिजामुखी कार्यमा ध्यान नदिएको बताईन्। "राज्यले सामाजिक न्याय र समानताका लागि उद्यमशीलतामा महिलालाई प्रेरित गर्न लैङ्गिकतामा आधारित लगानीमैत्री वातावरण तयार गर्नुपर्छ, तर सरकार भएको अनुभुति छैन", न्यौपानेले भने । उनले महिला सशक्तिकरणका लागि आएको बजेट कहाँ र कसरी खर्च हुन्छ भन्नेसमेत थाहा नहुने बताईन्।

पर्यटन व्यवसायीसमेत रहेकी गण्डका प्रदेशसभा सदस्य देवका पहारीले महिलामैत्री वातावरणको अभावले महिलाले आयआर्जनमा जोडिने अवसरबाट वञ्चित हुनुपरेको बताईन् । उनले महिला उद्यमशीलताका लागि लगानीको वातावरण, व्यवसायमा प्रेरित गर्ने नीति, उत्पादनको बजारीकरणको सुनिश्चितता, महिलाको रुचि, दक्षता क्षमताअनुसारको तालिमको खाँचो औंल्याउँदै आफूले निरन्तर आवाज उठाइरहेको बताईन्।

कार्यक्रममा प्रोफेसर डा चन्द्रा भद्राले महिला उद्यमशीलतासम्बन्धी हालसम्म भएका पहल र नीतिगत तहबाट ऐतिहासिक विश्लेषण गर्दै महिलाको क्षमता तथा दक्षताको मूल्याकङ्न अझै पनि राज्यस्तरबाट हुन नसकेको बताए। उनले महिलाको श्रम अर्थमा रुपान्तरण नहुँदा उनीहरुलाई गृहिणीको दर्जा लिएर अवमूल्यन गरिएको बताईन्।

उनले ७५ जिल्लामा नै स्थापना भएको महिला तथा बालबालिका विकास कार्यालय खारेज हुँदा महिलाका मुद्दा केन्द्रित कार्यक्रम हुन नसकेको उनको भनाइ थियो। उनले लैङ्गिकमैत्री अवधारणाप्रति राज्य अझै संवेदनशील हुन नसक्दा विभिन्न कारणले महिला विभेद भोग्न बाध्य भएको बताईन्।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा पर्यटन बहुआयामिक क्षेत्र भएकाले महिलालाई उद्यमशीलतामा प्रेरित गर्न थुप्रै सम्भावना भएको बताए । पछिल्लो समय पोखराको पर्यटन प्रवर्द्धन र गुणस्तरीय सेवा प्रवाहमा महिला पर्यटन व्यवसायीको योगदान अतुलनीय रहेको जनाउँदै उनले अझै सशक्तिकरणको खाँचो औंल्याए।

ओटेफका सल्लाहकार पम्फा पहारीले संस्थाको स्थापनासँगै सामूहिक आवाजले गति लिन थालेको बताईन् । उनले विभिन्न तालिमले महिलाको आफ्नो पहिचान स्थापित हुने र व्यवसाय अग्रसरता देखाउने तथा आफ्नै नाममा व्यवसाय दर्ता गरेर व्यावसायिक पाइला अगाडि बढाउन सफल भएको बताईन्।

संस्थाका अध्यक्ष उमा भण्डारी रेग्मीले विभिन्न व्यवसायमा आबद्ध महिलालाई सशक्तिकरणका लागि विभिन्न कार्यक्रम गरिँदै आएको बताईन् । उनले २०७४ सालमा पोखरामा पहिलोपटक महिला पर्यटन व्यवसायी सङ्गठित भएर संस्था स्थापनापश्चात महिलामा उद्यमशीलता प्रतिको जागरण पनि बढ्दै गएको बताईन् । उनले महिला उद्यमीको क्षमता अभिवृद्धि र दिगो वित्तीय व्यवस्थापनमा राज्यले ध्यान दिनुपर्ने बताईन्।

युरोपियन युनियनकी प्रतिनिधि दिपाञ्जली श्रेष्ठले गण्डकी प्रदेशको तथ्याङ्कमा करिब ४५ प्रतिशत महिलामात्र आत्मनिर्भर भएको जानकारी गराईन् । कार्यक्रममा संस्थाका महासचिव लक्ष्मी लामिछानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेकी थिईन्।

# जीवनशैलीमा आएको परिवर्तनले मुटुरोग बढ्दै

**टुडे समाचारदाता**

राँझा । अस्वस्थकर खानपान र जीवनशैलीमा आएको परिवर्तनले मुटु रोगको समस्या बढ्दै गएको स्वास्थ्यकर्मीले बताएका छन्।

नेपालगञ्जस्थित भेरी अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा विकास नेपालले पहिले ५० वर्षमाथि उमेर समूहका लागि मात्रै हृदयघात हुन्छ भन्ने मान्यता रहे पनि अहिले खानपान र जीवनशैलीमा आएको परिवर्तनले युवामा समेत मुटुको समस्या देखिने गरेको बताए।

"हार्टअट्याक हुने युवामा प्रमुख कारण तनाव र धुम्रपान रहेको पाइन्छ", डा नेपालले भने, "मुटुरोगबाट जोगिन सावधानी नै उत्तम विकल्प हो ।" मुटुरोग लाग्नेबित्तिकै हृदयघात नहुने भन्दै डा नेपालले मुटुरोगसम्बन्धी लक्षण देखिएमा चिकित्सकलाई अनिवार्य देखाउनुपर्ने बताए। लक्षण देखिनेबित्तिकै उपचार सुरु गर्ने हो भने बिरामीलाई बचाउन सकिने उनको भनाइ छ।

उच्च रक्तचाप, मधुमेह, शारीरिक निष्क्रियता, धुम्रपान, तनाव, अस्वस्थकर खानपान मुटुरोगको कारण रहेको उल्लेख गर्दै डा नेपालले शरीरका प्रत्येक अङ्गको माग र वितरणमा असन्तुलन हुँदा अङ्गहरूले कुनै न कुनै लक्षण देखाउने गरेको बताए। उनले मुटुमा समस्या सुरु भएमा छाती दुख्ने, उक्त दुखाइ सरेर घाँटी तथा शरीरको पछाडिको भाग दुख्ने, चिटचिट पसिना आउने, सास फेर्दा असहज हुने, मुटुको धड्कन छिटो चल्ने, दौडिँदा सास फेर्न गाह्रो हुने लक्षण देखिने जानकारी दिए।

नेपालगञ्जका स्वास्थ्यकर्मी जीवन शर्माले पछिल्लो समयमा मानिसले गर्ने काम सबै मानव निर्मित यन्त्रहरूबाटै हुने गरेका कारण मुटुलगायत रोग बढ्दै गएको उल्लेख गरे। "खाना मीठो, चिल्लो र मसालादार खानुपर्ने, ऐस आरामको जिन्दगी बिताउनुपर्ने र कामै नगरी वा कुनै दुःख नगरी बस्नुपर्ने मानिसको दैनिकी बनेको छ", उनले भने, "मानिसमा आएका अधिक चेतनाका कारण विकसित प्रविधिसँगै हाल सरुवा रोगहरू नियन्त्रणतर्फ गइरहेका छन्, तर नसर्ने खालका दीर्घकालीन रोगहरूले मानिसलाई ग्रस्त बनाइरहेको छ।"

जीवनशैली, वातावरण र मानिसको स्वास्थ्य एकापसमा निकै घनिष्ठ सम्बन्ध भएको उल्लेख गर्दै शर्माले मानिसको जीवनशैलीमा आएको व्यापक परिवर्तनले गर्दा मुटु लगायतका रोग देखिने गरेकोले यसबाट छुटकारा पाउन जीवनशैलीमै पुनः परिवर्तन गरेमा मात्र सम्भव हुनेमा जोड दिए।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मकर मेलाको तयारी शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । धार्मिक एवम् पर्यटकीय स्थलको रुपमा परिचित मधेस प्रदेश धनुषाको धनुषाधाममा परापूर्वकालदेखि लाग्दै आएको मकर मेलाको ठेक्का लागेको छ।

धनुषाधाम नगरपालिका वडा न.३ स्थित रहेको धनुष जनता माविले आव्हान गरेको टेन्डर (बोलपत्र) को लागि १८ जना ठेक्केदारहरुले उक्त ठेक्का दाबीको लागि कागजातहरु पेश गरेको भएपनि प्रक्रियागत र बोलपत्रको नियमानुसार १० लाख ५५ हजार पाच सयमा रवीन्द्र यादवले उक्त ठेक्का पाएका हुन्।

माघको पहिलो आईतबारदेखि एक महिनासम्म प्रत्येक आईतबार लाग्ने मकर मेला भर्नको लागि नेपाल र भारतको विभिन्न ठाउँबाट श्रद्धालु भक्तहरु आउने गरेको छ। धनुषाधाममा अवस्थित धनुष मन्दिरमा शरिरमा हुने मुसो रोग निवारणको लागि भाकल गर्ने प्रचलन छ।

मुसो एक प्रकारको चर्मरोग पनि हो। यी रोग भएका श्रद्धालुले धनुषाधाममा रहेको धनुष मन्दिरमा भण्टाभार ( बैगनको भार) चढाउने भाकल गरेपछि रोग निको हुने मान्यता पौराणिकालदेखि नै चलिआएको छ। मेलामा लाखौंको सँख्यामा भाकल तथा मेला भर्नको लागि आउने गर्छन्।

धनुषाधाममा प्रत्येक वर्ष लाग्ने मकर मेला तेजपातको लागि प्रसिद्ध मानिन्छ।कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनोद कुमार यादव,वडा न.३ का वडा अध्यक्ष जयनारायण यादव,वडा न.२ वडा अध्यक्ष लक्ष्मी महतो,धनुषाधाम उद्योग वाणिज्य संघका अध्यक्ष किशोरी ठाकुर,शिक्षक,विद्यार्थी र राजनीतिककर्मी सहितको उपस्थितिमा मेला ठेक्का सम्पन्न भएको छ।

# वर्तमान सरकार असफल भइसक्यो : प्रभु साह

**टुडे समाचारदाता**

गरुडा। आम जनता पार्टीका अध्यक्ष प्रभु साहले देशलाई निकास दिन अन्तरिम सरकार गठन गर्नुको विकल्प नरहेको बताएका छन्।

पूर्व मन्त्री समेत रहेका आजपा अध्यक्ष साहले वर्तमान सरकारले देशलाई निकास दिन असफल भएको दावी गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकार तत्काल विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने बताएका छन्।

गृह जिल्ला रौतहटको मौलापुर स्थित शहिद स्मृति सभाहलमा शनिवार आयोजित आम जनता पार्टी (आजपा) निकट आईटी आर्मीको तेस्रो ऐतिहासिक राष्ट्रिय भेला तथा सप्ताहव्यापी प्रशिक्षण कार्यक्रममा बोल्दै पार्टी अध्यक्ष साहले यस्तो बताएका हुन।

अहिलेको संवैधानिक व्यवस्था असफल भएकाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्थामा जानुको विकल्प नभएको साहले बताए।

अहिलेसम्म सरकारको नेतृत्व गरेका दलका नेताहरुले देश बनाउन पूर्ण रुपमा असफल भइसकेको बताउँदै नेता साहले देशलाई सहि दिशामा अगाडि बढाउन अन्तरिम वा समानान्तर सरकार गठन गर्नुपर्ने बताए।

नेता साहले भने, 'अन्तरिम सरकार गठनमा यदि कुनै तत्व बाधक बन्छ भने देश र जनताको हितका लागि आईटी आर्मीको अर्ध शैन्य शक्तिको बलमा समानान्तर सरकार निर्माण गरेर हामी अगाडि बढ्छौ,।'

अन्तरिम सरकार गठन गर्न कसैले बाधक बने आईटी आर्मीको अर्ध शैन्य शक्तिको बलमा समानान्तर सरकार निर्माण गर्न बाध्य हुने समेत उनले चेतावनी दिए। आफुले आम जनताको शासन व्यवस्था ल्याउन देशमा अन्तरिम सरकार गठन गर्नका लागि अर्ध शैन्य शक्ति निर्माण गर्न समेत लागेको उनले बताए।



अहिलेका राजनीतिक दलका नेताहरुले देश बनाउने नाममा लुटतन्त्र मच्चाएका कारण देशमा विकास हुन नसकेको र भ्रष्टाचार चरम सिमा नाघेको उनले बताए।

राज्यको हरेक निकायमा भ्रष्टाचार मौलाएको भन्दै उनले भ्रष्टाचारीहरुलाई जरादेखी नै उखेलेर फाल्नुपर्ने धारणा राखे। भ्रष्ट नेताहरुले राज्यको हरेक निकायमा भ्रष्टाचार गरी अकुत सम्पति आर्जन गरेका कारण देश यतिखेर भ्रष्टाचारको जालोमा फसेको उनले बताए।

भ्रष्ट नेताहरुलाई तह नलगाएसम्म देशमा विकास हुन नसक्ने भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगाएतका निकायले भ्रष्टाचारीहरुलाई कार्यवाही नगरे आम जनताले कार्यवाही गर्नुपर्ने उनले जिकिर गरे।

अहिले लोकतन्त्रको नाममा दलतन्त्र एवं लुटतन्त्र हाबी भएको बताउँदै उनले दलतन्त्रमा नेताहरुमा आम जनतालाई लुटेर खाने प्रवृत्ति बढेका कारण देश संकटग्रस्त अवस्थामा पुगेको उनले टिप्पणी गरे। देशमा लोकतन्त्र नै नरहेको बताउँदै नेता साहले नेताहरुको लुटतन्त्रका कारण आम जनता निराश एवं लाचार भएको बताए। ठुला दलका नेताहरुबाट निराश भएका आम जनतालाई निराश हुन नदिन आजपाको जन्म भएको उनले बताए।

आफनो पार्टी गरिव, बेसहरा, दिनदुखी आम जनताको पक्षमा रहेको बताउँदै उनले आफु आम जनताको शासन व्यवस्था ल्याउन लागि परेको बताए।

देशबाट वर्तमान सरकार विघटन गरी अन्तरिम सरकार निर्माण गरेर आम जनताको शासन ल्याउने पक्षमा आफु अगाडि बढेकोले अन्तरिम सरकार निर्माणका लागि आफुलाई साथ दिन उनले आम जनतालाई आग्रह गरेका छन्।

अहिलेको सरकार र संविधानले देश तथा जनतालाई कुनै हालतमा निकास दिन नसक्ने ठोकुवा गर्दै साहले अब आम जनता पार्टीले मात्र देशलाई निकास दिने भएकोले अहिलेदेखी नै आफना पार्टीमा लाग्न सबैलाइ अपिल गरे।

यसैविच आजपा अध्यक्ष प्रभु साहले देशमा अन्तरिम सरकार गठनका लागि अर्ध सैनिक बल निर्माण गर्न आईटी आर्मीका युवाहरुलाई सैन्य तालिम दिन लागेका छन्।

देशमा अन्तरिम वा समानान्तर सरकार निर्माणमा सहयोग हुने उद्देश्यले आईटी आर्मीका युवाहरुलाई एकसाता सम्म सैन्य तालिम अर्न्तगत प्रशिक्षण दिन लागिएको बताइएको छ। शनिवार देखी शुरु भएको प्रशिक्षण एक हप्तासम्म चल्ने छ।

आईटी आर्मीका संस्थापक अध्यक्ष चन्द्र भुषण साहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमले भ्रष्टाचारको विरूद्ध शशक्त संघर्ष गर्ने प्रतिबद्धता सहित राजनीतिक दस्तावेज समेत पारित गर्दै नयाँ नेतृत्वको चयन गर्ने भएका छन्।

कार्यक्रममा आजपा उपाध्यक्ष एवं सभासद तिलक थापा, महासचिव उपेन्द्र साह, उपमहासचिव अरुण घिसिङ, सचिवद्वय पूर्वसांसद समिना हुसैन र ज्ञानेन्द्र तामाङ, स्थायी कमिटी सदस्य धर्मेन्द्र सापकोटा, प्रदेश ईन्चार्ज सुधीर यादव लगायतका नेताहरूको सहभागिता रहेको थियो।

आम जनता पार्टीको स्थापना दिवसको शुभ अवसरमा आयोजित उक्त कार्यक्रममा हजारौ युवाहरुको सहभागिता रहेको थियो।

# औषधि व्यवसायीको निर्वाचन सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल औषधि व्यवसायी संघ धनुषा जिल्लाको दोस्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ।

शनिबार जनकपुरधाममा सुरु भएको दोश्रो जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयनका लागि दुई समूह बीच सर्वसम्मत हुन नसकेपछि लोकतान्त्रिक विधि अनुसार निर्वाचन भएको छ। यस निर्वाचनमा दुई समूह बीच प्रतिष्पर्धा भएको छ।

जनकपुरधाम उद्योग वाणिज्य संघका महासचिवसमेत रहेका मनोजकुमार साहसमेत अध्यक्षपदका लागि प्यानलसहित प्रतिष्पर्धामा छन् भने उनी विरुद्ध प्रमोदकुमार अग्रवालले प्यानलसहित आकांक्षी उम्मेदवार छन्।





अध्यक्ष पदका आकांक्षी उम्मेदवार साहको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा अजय महतो, थोक सदस्यमा अरुण कुमार साह, खुद्रा सदस्यमा विजय कुमार साह, महासचिवमा राजेशकुमार साहलगायतका निर्वाचनमा उत्रिएका हुन्।

शनिबार साँझसम्ममा सम्पन्न भएको निर्वाचनको परिणाम रातिसम्ममा मतगणनासम्पन्न भए पनि आइतबार बिहान औपचारि करुपमा सार्वजनिक गर्ने अध्यक्ष सत्यनारायण साहले जानकारी दिए।

यस नेपाल औषधि व्यवसायी संघ धनुषामा २ सय ८७ जना साधारण सदस्य रहेका छन्।

## नेता साहको आपति

**टुडे समाचारदाता**



जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्यसमेत रहेका औषधि व्यवसायी ज्ञानेन्द्र प्रसाद साहले भने औषधि व्यवासयी संघ धनुषाका अध्यक्ष सत्यनारायण साह, पुर्वअध्यक्ष गणेश साहलगायतका औषधि व्यापारीहरुको मनसायलाई कदर नगरेको भन्दै विरोध गरेका छन्।

उनले औषधि व्यावसयीहरुको नेता रहेका सत्यनारायण साह र गणेश साहको चाकरीको चर्को विरोध गरे पनि उनीहरुले आफ्नै ढंगले जिल्ला अधिवेशन तथा निर्वाचनको विधि एवं नीति विपरित गरेकाले विरोध गरेको बताए।

# संघीयतासहितका उपलब्धीलाई रक्षा गर्न मधेशीकै अभिभारा



**टुडे समाचादाता**

जनकपुरधाम । कांग्रेसका नेता तथा पुर्व उपप्रधानमन्त्री विमलेन्द्र निधीले संघीयता सहितको उपलब्धीहरुलाई रक्षा गर्ने अभिभारा मधेशी जनताको रहेको बताएका छन्। धनुषाको मुखियापट्टी मुसहरनियामा शनिवार आयोजित एक कार्यक्रममा नेता निधीले भने, 'जस्ले परिवर्तन र उपलब्धी ल्याएको छ,उसैलाई रक्षा गर्ने दायित्व पनि हुन्छ।'

संघियता कार्यान्वयका कुनै पनि काम, कानुन र कर्म नगरि संघीयतालाई बदनाम गर्दै पुनः देशलाई पछाड धकेल्न शक्तिहरु लागेको उनको भनाई थियो। उनले भने, 'जनतालाई जुन सपना देखाइएको थियो त्यो पुरा हुन नदिन विभिन्न षडयन्त्रहरु भईरहेको छ।' मधेशका युवाहरु नयाँ हावा र हल्लामा पर्न नहुने भन्दै उनले अथक प्रयास पछि पाएको नजिदकका सरकारहरु सवल बनाउन लाग्नु पर्ने बताए। सो कार्यक्रममा प्रदेश सांसद तथा मधेश सरकारका पुर्व मन्त्री रामसरोज यादव, जिल्ला सभापति योगेन्द्र पजियार सहित क्षेत्रीय सभापति र नेता कार्यकर्ताहरुको उपस्थिती रहेको थियो।

# प्रहरी संगठनद्वारा रक्तदान



**टुडे समाचारदाता**

राजविराज । स्थानिय अस्पतालहरुमा उपचारका लागि आउने बिरामीहरुको प्रमुख समस्या रगतको अभाव बन्न थालेपछि समस्या समाधानका लागि प्रहरीले शनिबार बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल हाताभित्र नेपाल रेडक्रस सोसायटी शाखाद्वारा संचालित जिल्लाको एक मात्र रक्त संचार सेवा केन्द्रमा रगतको अभाव भएपछि प्रहरीले बृहत रक्तदान कार्यक्रम संचालन गरेको छ।

राजविराजको मुटुमै रहेको गजेन्द्र चौकमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तरगत जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा आयोजित रक्तदान कार्यक्रमको प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यले रक्तदान गरि कार्यक्रमको शुभारम्भ गरे। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपाने, सुरक्षाकर्मी, सप्तरी युथ नेपाल, सिद्धार्थ गोतमबुद्ध यातायात सेवा केन्द्र, सामुदायिक सेवा केन्द्र तथा विभिन्न संघसंस्थाका प्रतिनिधि लगायतका समेत गरि ४५ जनाले रक्तदान गरेका छन्।

जसमध्ये नेपाल प्रहरीका सर्वाधिक २९ जना छन्। यस्तै रक्तदान गर्नेमा सशस्त्र प्रहरीका ४ र विभिन्न संघसंस्थाबाट दुई महिलासहित १२ जना रहेका छन्।

चिसो बढेसँगै बढीरहेको रोग तथा जटिल प्रकृतीका बिरामीलाई आवश्यक पर्ने रगतको रक्तसंचार सेवा केन्द्रमा अभाव रहेको इन्चार्ज नविन झाले जानकारी दिए।

रेडक्रस र रक्तसंचार सेवा केन्द्रले सो बारे जानकारी गराएपछि रगतको अभावमा कुनै पनि व्यक्तको ज्यान नजाओस् भन्ने उद्देश्यले बृहत रक्तदान कार्यक्रमको आयोजना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नेउपानेले बताए।

माग अनुसार रगत नपाउँदा बिरामीका आफन्त दाताको खोजिमा भौतारिनु पर्ने अवस्थाको अन्त्य तथा रक्तदानको महत्व बारे सर्वसाधारणमा सचेतना फैलाउने उद्देश्यले पनि चिसो मौसमका बाबजुद हलभि नगरि कार्यक्रम सार्वजनिक र खुल्ला स्थानमा गरिएको प्रहरी उपरिक्षक बज्राचार्यको भनाई छ।

यहाँका अस्पतालमा अन्य पालिका र छिमेकी जिल्लाबाट समेत विभिन्न प्रकृतीका रोगबाट ग्रस्त बिरामीहरु उपचारका लागि आउने गरेका छन्। तर, रगतको अभाव सधै समस्याका रुपमा देखिने गरेकाले यस्तो कार्यक्रमले केही हदसम्म भएपनि सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिएको छ।

# अमलेखगञ्जमा होमस्टे संचालनको तयारी

**टुडे समाचारदाता**

कलैया। बाराको अमलेखगञ्जमा होमस्टे संचालनको तयारीमा जीतपुर सिमरा उपमहानगरपालिका लागी परेको छ। उपामहानगरपालिकाको वडा नं.२१ र २२ नम्बर वडालाई समेटेर पर्यटकिय बिभिन्न व्यवसायीक समाग्री समेत हस्तान्तरण गरिएको छ।

उपमहानगर र नेपाल पर्यटन बोर्डको संयुक्त लगानीमा होमस्टे सगै हाइकिङ्ग ट्रेल निर्माण कार्य समेत अघि बढेको छ।करिव तीन किलोमिटरको ट्रेल निर्माण करिव ४१ लाखको लागतमा बन्न लागेको हो।



गन्तव्य बिकासका लागी पुर्वाधार तयार पारिरहेको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाले वडा नं.२२ को चकरी गाउँलाई होमस्टे गाउँ का रुपमा बिकास गर्न लागेको हो।चकरीका करिव दुई दर्जन स्थानियलाई होमस्टे संचालन सम्वन्धि ५ दिने आधारभुत तालिम दिएको छ। २० जनालाई जनही १८ हजारका दरले उहाँहरुलाई

उपमहानगरको २१ लाख र पर्यटन बोर्डको २० लाख गरी ४१ लाखको लागतमा ट्रेल बन्न लागेको उपमहानगरपालिकाले जनाएको छ। वडा नम्बर २२ र वडा नम्बर ६ को मुसहर बस्तीमा होमस्टे निर्माण कार्य समेत संगै गरिने उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख सुधन चौधरीले बताए।

# जीपीएल प्रतियोगिताको तयारी पूरा

**टुडे समाचारदाता**

गौर । रौतहट जिल्लाको गौरमा पहिलो पटक गौरी शंकर यादव प्रीमियर लिंग क्रिकेट प्रतियोगिता हुने भएको छ।

क्रिकेट खिलाड़ी उत्पादन गर्ने उद्देश्यले गौरी शंकर यादव फाउण्डेशनको आयोजनामा पुस १७ गते देखि प्रीमियर लिंग क्रिकेट प्रतियोगिता शुरू हुने आयोजक सस्थाले जनाएको छ।

शनिवार गौरमा आयोजित पत्रकार सम्मलेन गौरी शंकर यादव फाउण्डेशनका अध्यक्ष मोहन यादवले १७ गते देखि शुरू हुने जीपीएल क्रिकेट प्रतियोगिताको लागि टीम छनौट भईसकेको जानकारी गराएका छन। गौर नगरपालिकाका ९ वटा टीम सहभागी हुने प्रतियोगिताको उदघाटन १७ गते हुने बताए।

२ वटा समूहमा रहेको टीमले १९ वटा मैच खेलिने बताउँदै ग्रुप ए मा ५ र ग्रुप बी मा ४ वटा टीम ले १६ वटा लिंग र २ वटा सेमि फाइनल खेलिने छन।


वड़ा नमबर १ को टीमलाइ क्रान्तिद्वार ११ , २ को टीम लाइ बानेश्वर ११ , ३ को टीमलाइ शिबगंगा ११ , ४ को टीमलाइ सोवरनामाई ११ , ५ को तिम्लाई बारहवा ११ , ६ को टीमलाई सबगढा ११ , ठ को टीमलाइ सिसवा ११ , ८ को टीमलाइ दरवार ११ र वड़ा नम्बर ९ को टीमलाइ सिर्सिया ११ नामाकरण गरिएको प्रीमियर लिंग ११ दिन हुने अध्यक्ष यादवले जनाए।

प्रत्येक मैचको मैन अ'फ दी मैच घोषित हुने खिलाडीलाइ १ हजार १ सय ११ रुपैया नगद पुरस्कार दिइने बताए। यो पुरुस्कार परिवार बेकरी हाउसले दिनेछन।

# ट्र्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

कमलामाई । सिन्धुलीमा ट्र्याक्टरको ठक्करबाट शनिबार पाँच वर्षीया बालिकाको मृत्यु भएको छ । कमलामाई नगरपालिका-५ मधुटारस्थित भित्री सडक खण्डमा सिलामेबाट सिन्धुलीमाढी बस पार्कतर्फ आउँदै गरेको ना ५ त ९५१० नं को ट्र्याक्टरले बाटो काट्दै गरेकी बालिका अरुणा श्रेष्ठ (निर्जला) लाई ठक्कर दिएको थियो।

कमलामाई नगरपालिका-५ बस्ने २८ वर्षीय गोपी वाइवाले चलाएको उक्त ट्र्याक्टरले ठक्कर दिँदा गम्भीर घाइते हुनुभएकी श्रेष्ठको सिन्धुली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी निरीक्षक केशवकुमार कटवालले जानकारी दिनुभयो । उहाँकाअनुसार बालिकालाई ठक्कर दिने ट्र्याक्टर र चालक प्रहरीको नियन्त्रणमा छ। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# हत्या दूर्भाग्यपूर्ण

देशको संघीय राजधानीको ललितपुर जिल्लाको बालकुमारीमा दुई जना युवकको प्रहरीको गोली लागेर ज्यान गयो ।कोरिया जान भाषा परीक्षा दिनका लागि दुई जना युवाले अन्य थुप्रै युवाको हकको माग गरिरहेका थिए ।नेपालको अर्थतन्त्र वैदेशिक रोजगारीले नै धानेको यथार्थ सबैले बुझेकै हुन् ।स्वदेशमै रोजगारीको अवसर सृजना गर्न राज्यपूर्ण रुपमा असफल भएको छ ।हरेक महिना हजारौ नेपाली श्रम बेच्न विदेशिनु परिरहेकोछ ।यसको जिम्मेवारी कुनै एउटा दल अथवा एउटा सरकार होइन् ।देशका सबै दल र सबै दलका शीर्ष नेता, नीति निर्माणको तहमा रहेका कर्मचारी लगायतका विद्वानहरु जिम्मेवार हुन् ।दुई जना युवालेपनि सरकारसित रोजगारी मागेको थिएनन् ।उनीहरुपनि अन्य नागरिक सरह नै कोरियामा गएर काम गर्न चाहेका थिए ।तर राज्यको क्रुरताको शिकार भए युवाहरु ।बालकुमारी घटनामा प्रहरीले प्रयोग गरेको बल आवश्यक थियो की थिएन् ?त्यसको छानबिन हुनुपर्छ ।घटनामा दोषी देखिएका अधिकारी र सुरक्षाकर्मीहरुलाई कडा कार्वाही गरिनु पर्छ ।सुरक्षाकर्मी अथवा सुरक्षा अधिकारीहरुको वुत्ता भन्दा स्थिति बाहिर नगए सम्म ज्यान लिनेगरि बल प्रयोग गर्न पाउनु हुँदैन् ।स्थिति बेकाबु भएको अवस्थामा सुरक्षाकर्मीहरु समेत असुरक्षित हुने ,सर्वसधारणको जनधन असुरक्षित हुने स्थिति सृजना भए मात्र प्रहरीले बल प्रयोग गर्नु पर्छ ।बल प्रयोगगर्दा ज्यान लिनेगरि हुनु हुँदैन् ।बालकुमारीको घटनालाई सरकारले छानबिन गर्ने, घटनासित सम्बद्ध अधिकारी र सुरक्षाकर्मीहरुर्ला निलम्बन गर्ने काम गरेको छ ।तर त्यो प्रयाप्त होइन् ।देशको अन्य भागमा पनि यस प्रकारको घटनाहरु हुने गरेका छन् ।काठमाण्डुको बालकुमारीको मात्र नभै देशको कुनैपनि भागमा सुरक्षानिकायले ज्यान लिनेगरि बल प्रयोग गर्न हुँदैन् ।भीडलाई तितरबितर गर्न सुरक्षाकर्मीहरुले अबलम्बन गर्न सक्ने अनेक उपायहरु छन् ।त्यसलाई प्राथमिकतामा राख्नु पर्छ ।सडकमा मन्त्रीको गाडीमा आगजनी हुनुको कारणपनि खोतल्नु पर्छ ।सरकारसित रोजगारी माग्नपनि नेपाली युवाहरुले छाडिसकेका छन् ।अत्यन्त जोखिमपूर्ण कामगर्न पनि नेपालीहरु विदेशिन तम्तयार हुन्छन् ।राज्यले आफ्नो दायित्व निर्वाह गर्न असफल भएकाले देशमा आर्थिक सन्तुलन नै वैदेशिक रोजगारीमा भर परेको छ ।सरकारले देशमा कपाली तमसुकको आधारमा हुने लेनदेनलाई अनुचित ठहरगरि कानुन बनाएसँगै आर्थिक संरचनामा नकारात्मक असर परेको छ ।वैदेशिक रोजगारीमा जानेहरुलाई समस्यामा पार्ने काम भए स्थिति बिकराल बन्ने छ ।सरकारले यस तर्फ गंभीरतापूर्वक सोच्नै पर्छ ।

# संस्कृतिमन्त्रीलाई 'संस्कृति'को पाठ



**प्रभाषचन्द्र झा**
वरिष्ठ पत्रकार

**मानव संस्कृतिको निर्माता हो र संस्कृतिले मानवलाई "मानव" बनाउँछ । संस्कृतिको एक मौलिक तत्व हुन्छ । त्यो हो, धार्मिक विश्वास र सोकोप्रतिकात्मक अभिव्यक्ति । हामीलाई धार्मिक पहिचानको सम्मान गर्नुपर्छ । सत्य, शिव र सुन्दर यो तीन शाश्वत मूल्य हो । जो संस्कृतिको निकटसँग**

संस्कृतिमन्त्री सुदन किरातीले "ख्रिष्टियनको विरोधगर्ने संविधानको विरोधी हुन् । संविधानका विरोधगर्ने देशद्रोही हुन ।"

यो अभिव्यक्तिपछि धार्मिक एवम् राजनीतिक क्षेत्रमा हलचल शुरु भएको छ । हिन्दुवादी सङ्गठन र राष्ट्रिय प्रजातन्त्र पार्टीले राजीनामाको समेत माग गरेको छ । अर्को, माओवादी केन्द्रभित्र पनि सो अभिव्यक्तिप्रति असन्तुष्टि व्यक्त गरिएको छ । तर, पार्टीले अधिकारिक रुपमा केही बोलेको छैन् । मुलुकका कतिपय विद्वतवर्गले सामाजिक सद्भाव विथोल्ने खालको मन्त्री किरातीको अभिव्यक्तिरहेको भनेर विभिन्न सञ्चारमाध्यममा प्रतिक्रिया दिएको देखिन्छ ।

मन्त्री किराती आवेशमा आएर बोलेको भए, आफ्नो अभिव्यक्ति गलत भएको भनेर प्रतिक्रिया दिने थियो । त्यो नदिएको देखिएकाले सोचेर नै बोलेको आभाष हुन्छ । मुलुक धर्मनिरपेक्ष हो । यस विषयमा संविधानले के भन्छ, संविधानको धारा ४को (१)मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रत्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणराज्य हो भनेर उल्लेख गरेको छ । तर सोही धाराको स्पष्टीकरणमा के भनिएको छ भने यस धाराको प्रयोजनको लागि "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलि आएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ । संविधानको उक्त धाराले सनातनदेखि चलि आएको धर्म संस्कृतिको संरक्षण गर्न निर्देश गरेको छ । अर्थात, सनातनलाई विशेषाधिकार प्रदान गरेको छ । सवै पक्षलाई धर्म र संस्कृतिको विषयमा के बोल्नुपर्ने के न बोल्नुपर्ने सम्बन्धमा विचार गर्नुपर्ने हो । यदि, मन्त्री किरातीले संविधानको अक्षरशः पालना गरेको छ भने धर्म संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व निर्वाह गर्नुपर्ने पहिलो कर्तव्य हो । सो दायरालाई नाघ्ने अधिकार कसैलाई संविधानले दिएको छैन् ।

सुदन किराती संस्कृति हुन् । संस्कृति भनेको हो ? संस्कृति शब्द आफैंमा विशिष्ठ छ । यसको दायरा धेरै फराकिलो छ ।

सो शब्दले ओगटेको क्षेत्रभित्र मन्त्री किरातीको एक एक शब्द मेल खान्छ त ? त्यसकारण, संस्कृति शब्दको विशिष्ठ उद्देश्यबारे उल्लेख गर्न खोजिएको छुँ ।

**संस्कृति भनेको के हो ?**

संस्कृति कुनै समाजको गहराईको व्याप्त गुणहरुको समग्र स्वरुप हो । जसले समाजलाई सोच्न, विचार गर्न र कार्य गर्न स्वरुप अन्तर्निहित हुन्छ । यो 'कृ' गर्नु धातुबाट बनेको छ । सो धातुबाट तीन शब्द निर्माण हुन्छ । 'प्रकृति'को मूल स्थिति यसको संस्कृत हो । यदि,यो बिग्रयो भने ' विकृत' हुन्छ । अङ्ग्रेजीमा संस्कृतिको लागि 'कल्चर' शब्द प्रयोग गरिन्छ । जो लेटिन भाषाको 'कल्ट' वा कल्टसबाट लिइएको छ । जसको अर्थ हुन्छ, जोत्नु, विकसित गर्नु, परिष्कृत गर्नु र पूजा गर्नु हो । संक्षेपमा भन्नुपर्दा, कुनै वस्तुलाई संस्कारित गर्नु वा परिष्कृत गर्नु हो । जसको अन्तिम स्वरुपबाट प्रशंसा र सम्मान प्राप्त होस् । ठीक उस्तै, संस्कृत भाषाको शब्द 'संस्कृति' हो ।

संस्कृति शब्दको अर्थ उत्तम वा सुधार गरिएको अवस्था हो । मानिस प्रगतिशील प्राणी हुन् । यसले बुद्धिको प्रयोगबाट चारैतिर प्राकृतिक परिस्थितमा निरन्तर सुधार र उन्नत गर्दै जान्छ । प्रत्येक जीवन पद्धति, रीतिरिवाज रहन सहन आचार-विचार नयाँ अनुसन्धान र आविष्कार गर्दै रहन्छ । जसको माध्यमबाट मानिस जनावरको दर्जाबाट माथि उठेर सभ्य बन्छ । सभ्यता संस्कृतिको अङ्ग हो । यो कुरा मन्त्री सुदन किरातीलाई थाहा हुनुपर्ने हो । जव सभ्यता संस्कृतिको अङ्गको हो भने नेपालको मौलिक संस्कृति र सभ्यता के हो ? नेपालको मौलिक संस्कृति र सभ्यतामा आँच आउन नदिनका लागि संस्कृति मन्त्रीको भूमिका कस्तो हुनुपर्ने हो ? सभ्यताबाट मानिसको भौतिक प्रगति सूचित हुन्छ । जवकि संस्कृतिबाट मानसिक क्षेत्रको प्रगतिलाई सूचित गर्दछ ।

**संस्कृतिको अवधारणा**

संस्कृति जीवनको पद्धति हो भने भोजन गर्नु, पोशाक लगाउनु, भाषा र पूजा गर्नु सभ्यता अन्तर्गत पर्दछ । तर, यसमा संस्कृतिपनि सूचित हुन्छ । सरल शब्दमा भन्नुपर्दा, संस्कृति त्यो विधिको प्रतीक हो, जसको आधारमा हामी सोच्दछौं र कार्य गर्दछौं । यसमा अमूर्त/ अभौतिक भावना र विचार सम्मिलित हुन्छ । समाजको सदस्यहरुले मानवको सम्पूर्ण उपलब्धिहरु संस्कृतिबाट प्रेरित गर्न सकिन्छ । कला, सङ्गीत, साहित्य, वास्तुविज्ञान, शिल्पकला, दर्शन, धर्म र विज्ञानहरु यी सवै संस्कृतिको प्रकट पक्ष हो । यसका साथै, संस्कृतिमा रीतिरिवाज, परम्पराहरु, पर्व र जीवनशैलीलगायत विभिन्न पक्षहरुमा व्यक्तिको आफ्नो दृष्टिकोण पनि सम्मिलित हुन्छ ।

यस्तै, संस्कृति मानव जीवनको मानसिक पर्यावरणसँग सम्बन्ध राख्छ । जसको माध्यमबाट एक पुस्ताले अर्को पुस्तामा हस्तानान्तरण गर्दै जान्छ । संस्कृतिमा मानिसद्वारा प्राप्त सवै आन्तरिक र बाह्य व्यवहारहरु समाहित हुन्छ । यो चिह्नको माध्यमबाट पनि स्थानान्तरित गर्न सकिन्छ । मानवहरुको विशिष्ठ उपलब्धिहरु समाहित हुन्छ । यसलाई शिल्पकारहरुले मूर्त रुपमा प्रदान गर्छ । वस्तुतः संस्कृतको मूलकेन्द्र विन्दु, त्यो सुक्ष्म विचारमा निहित हुन्छ । जो समूहमा एतिहासिक रुपमा उनको सम्बद्ध मूल्यसहित विवेचना गरिएको हुन्छ । संस्कृति समाजको सुक्ष्म संस्कार हो । जसको माध्यमबाट मानिसहरु एकापसमा विचारको सम्प्रेशन गर्छ र जीवनको विषयमा आफ्नो उद्देश्यका साथै ज्ञानलाई दिशा प्रदान गर्छ । संस्कृति हाम्रो जिउने र सोच्ने विधिको अन्तःस्थ प्रकृतिको अभिव्यक्त हो । धार्मिक साहित्य कार्य, मनोरञ्जन र आनन्द प्राप्त गर्ने तरिकाको रुपमा पनि लिन सकिन्छ । संस्कृतिको दुई उप-विभाग पनि हुन्छ । भौतिक र अभौंतिक । भौतिक संस्कृति त्यो विषयसँग सम्बन्ध राख्छ, जसलाई हामी आफ्नो सभ्यता भन्छौं । जस्तै, भेषभुषा, भोजन, घरेलु सामानहरु । अभौंतिक संस्कृतिको सम्बन्ध विचार, आदर्श र भावनासँग प्रत्यक्ष सम्बन्ध राखछ । सत्य के हो भने कुनैपनि देशको मानिसको पहिचान उनको विशिष्ठ सांस्कृतिक परम्पराबाट नै हुन्छ । सोही कारणले मुलुकबाट विदेशमा प्रतिनिधित्व गर्नेहरु राष्ट्रिय पोशाक धारण गर्छन् । त्यसको माध्यमबाट राष्ट्रिय पहिचान र संस्कृति झल्किन्छ । भारत, भुटान, श्रीलङ्का र सउदी अरबलगायतका मुलुकका प्रतिनिधिहरु आ-आफ्नै राष्ट्रिय पोशाकमा सजिएको हुन्छ । त्यसको माध्यमबाट देशको छुट्टै संस्कृति र पहिचानबारे सन्देश प्रवाह गर्छ । दौंरा सुरुवालको सट्टा कोटपेन्टमा सहभागी भएमा अग्रेजलाई खुशी पार्न खोजिएको सन्देश जान्छ । यी सामान्य एवम् महत्वपूर्ण कुरालाई हेक्का राख्नु पर्छ ।

**संस्कृति र सभ्यता**

'संस्कृति र सभ्यता' यी दुइटै शब्दमा मौलिक भिन्नता छ । संस्कृतिको सम्बन्ध व्यक्ति र समाजमा निहित संस्कारसँग हुन्छ । सभ्यताले व्यक्ति र समाजको सामूहिक रुपलाई आकार दिन्छ । सभ्यतालाई अङ्ग्रेजीमा 'सिभिलाइजेशन' भन्छ र कल्चरसँग अन्तर स्पष्ट हुन्छ । संस्कृति र सभ्यतामा यही फरक छ ।

संस्कृति मानवको अन्तरर्मनको उच्चतम स्तर हो । मानवमात्र शरीर होइन । मानवमा तीनस्तर हुन्छ । भौतिक, मानसिक र आध्यात्मिक । प्रकृतिको राम्रो उपयोगलाई सभ्यता भन्न सकिन्छ । तर, सुसंस्कृत हुनु नै पर्याप्त होइन । जव कुनै व्यक्ति बुद्धि र अन्तरात्माको गहन स्तरको अभिव्यक्ति दिन्छ । तव, हामी संस्कृति धारण गरेको भन्न सक्छौं ।

**संस्कृतिको सामान्य विशेषताहरु**

संस्कृति सिखेर प्राप्तपनि गर्न सकिन्छ । त्यो जन्मबाट, मातापिताको केही गुणबाट प्राप्त हुन्छ । तर, सामाजिक -सांस्कृतिक व्यवहारहरु पूर्वजबाट प्राप्त हुँदैन् । त्यो परिवारको सदस्यबाट सिकिन्छ । मानवको संस्कृति शारीरिक र सामाजिक वातावरणबाट प्रभावित हुन्छ । संस्कृति मानिसको समूहद्वारा विभाजन गरिन्छ । सोच, विचार र कार्यलाई पनि संस्कृति भनिन्छ । यदि, मानिसको समूहद्वारा विभाजित गरिएको नयाँ अभ्यास गर्छ भने संस्कृति सञ्चित हुन्छ । संस्कृतिमा समावेश भएका विभिन्न ज्ञान एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित गर्न सकिन्छ । समय वित्दै गएपछि बढीभन्दा बढी ज्ञान संस्कृति थपिँदै जान्छ । जसको माध्यमबाट जीवनको परेशानीहरुलाई समाधान गर्न मदत पुग्छ । संस्कृति हामीलाई अनेक प्रकारको समाजले अपनाएका व्यवहारका तरिका प्रदान गर्छ । त्यसले कुन कार्यको सम्पादन कसरी गर्ने र मानिससँग समूचित व्यवहार गर्ने संस्कार प्रदान गर्छ ।

नेपाल-भारतको संस्कृति विश्वको प्राचीन संस्कृतिमध्ये एक हो । यसको मुख्य विशेषता के हो भने हजारौं बर्षदेखि संस्कृति मूल रुपमा जीवित छ । जवकि मिस्र, असीरिया, युनान र रोमको संस्कृति आफ्नो मूल रुपमा विस्मृत भइसकेका छन् । भारत र नेपालमा नदी, बट, पीपलको रुख, सूर्य र प्राकृतिक देवी देउताको पूजा अर्चनाको क्रम शताब्दिदेखि चल्दै आएको छ । हवन र पुजापाठ आजपनि निरन्तरता पाएको छ । बेद र वैद्धिक धर्ममा करौंडो सनातनीहरु आजपनि उस्तै आस्था छ । गीता र उपनिषदको सन्देश हजारौं बर्षदेखि हाम्रो कर्म र प्रेरणामा आधारित छ । यो संस्कृतिमा सहिष्णुता पनि छ । सहिष्णु प्रकृतिले यसलाई स्थायित्व प्रदान गरेको छ । संसारको कुनै पनि संस्कृति यति सहनशीलता छ भन्ने देखिएको छैन् । हिन्दुहरुले कुनै देवीदेउताको पूजा, अराधना गरेपनि नगरेपनि उनीलाई बाध्य पारिदैंन । उनलाई स्वतन्त्रता प्रदान छ । महाभारत युद्धमा भगवान कृष्णले अर्जुनलाई गीताको उपदेश दिएपछि अर्जुनलाई भने, "मैंले तिमीलाई धर्मको बारेमा जानकारी गराई दिए, 'युद्ध गर वा नगर' त्यो अन्तिम निर्णय तिम्रो नै हुन्छ ।" भगवान कृष्णले अर्जुनलाई सम्झाए, उपदेश दिए तर, बाध्य पारेन् । सनातनी संस्कृतिको उदारताको कारण उनमा ग्रहणशीलताको प्रवृति विकसित हुने अवसर प्राप्त हुन्छ । वस्तुतः जुन संस्कृतिको लोकतन्त्र एवम् स्थायित्व आधारस्तम्भ छ भने त्यो संस्कृतिमा ग्रहणशीलता प्रवृति स्वभाविक रुपमा उत्पन्न हुन्छ ।

मानव जीवनमा संस्कृतिको महत्व धेरै बढी हुन्छ । संस्कृतिबेगर मानिस अस्तित्वविहिन हुन्छ । संस्कृति परम्परा, आध्यात्मिक र भौंतिक पक्षसँग निरन्तर जोडिएको हुन्छ । यसले जीवनको उद्देश्य, जिउने तरिका सिकाउँछ । मानव संस्कृतिको निर्माता हो र संस्कृतिले मानवलाई ' मानव' बनाउँछ । संस्कृतिको एक मौलिक तत्व हुन्छ । त्यो हो, धार्मिक विश्वास र सोको प्रतिकात्मक अभिव्यक्ति । हामीलाई धार्मिक पहिचानको सम्मान गर्नुपर्छ । सत्य, शिव र सुन्दर यो तीन शाश्वत मूल्य हो । जो संस्कृतिको निकटसँग जोडिएको छ । यो संस्कृति नै हो जसले दर्शन र धर्मको माध्यमबाट सत्यको निकट ल्याउँछ । हाम्रो जीवनमा कलाको माध्यमबाट सोन्दर्यप्राप्त हुन्छ र सोन्दर्यनुभूतिपुरक मानव बनाउँछ । संस्कृतिले नै हामीलाई नैतिकवान बनाउँछ र अर्को मानवको निकट पुऱ्याउँछ । यसका साथै, हामीलाई प्रेम, सहिष्णुता र शान्ति पाठ पढ्ने अवसर प्राप्त हुन्छ । ' इतिश्री' !

# दक्ष शिक्षक र आदर्श प्रशासक गंगाधर दत्त



डा.रेवतीरमण लाल

स्व. गंगाधर दत्त जी एउटा अनुपम व्यक्ति हुनुहुन्थ्यो । जनकपुर क्षेत्रमा शिक्षामा स्व. दत्त जी को योगदान अमूल्य रहेको छ । साधारण बी.ए. बी.टी. को शैक्षिक योग्यताको व्यक्तित्व जनकपुर को सरस्वती स्कूल को प्रारंभिक प्रधानाध्यापक को रुपमा पदार्पण गरेर स्कूलका प्रभावशाली प्रधानाध्यापक र जनकपुरको वर्तमान आर. आर. कैम्पसको संस्थापक प्रीन्सीपल सम्म रही शिक्षाको विकासमा अग्रणी भूमिका निर्वाह गर्नु भयो त्यसले सर्वत्र प्रसंशा को पात्र बन्न पुग्नु भएको छ ।

स्व. गंगाधर दत्त जनकपुर आउनुको इतिहास यस्तो छ ।

पदम शमशेर ज.व.रा. जब शिक्षा विभागमा नियुक्त हुनु भयो अनि जनताको दवाव मा जनता को मनसाय बुझी जनकपुर मा स्कूलको स्वीकृति दिनु भयो । यस स्कूल भन्दा पूर्व ठाकुर प्रसाद रेग्मी केही विद्यार्थीहरु लाई लिएर पढाउनु हुन्थ्यो । २००४ सालमा यस स्कूलको स्वीकृति हुने वितिकै यस क्षेत्रका गणमान्य व्यक्ति हरु डी. गौरी नारायण गिरी, विक्रम गिरी र रामस्वरुप सा जस्ता व्यक्तिहरु को सामुने हेडमास्टर को समस्या आयो । गंगाधर दत्तजी को बुवा कठालमा बस्नु हुन्थ्यो । डी.गौरी नारायण गिरी जी ले दत्तजी को बुवा लाई बोलाइ पठाउनु भयो तर गंगाधर दत्तजी आउनु भंदा पूर्व नै सरकार द्वारा एउटा हेड मास्टर खटेर आइसकेको थियो । डी. गौरी नारायण गिरीले गंगाधर दत्त जी लाई आफ्नो मीलमा राख्नु भयो ।

सरकार द्वारा पठाइएका हेडमास्टर प्रति जनतामा असंतुष्टि को कारणले जनदवाव वाट त्यस हेड मास्टर लाई हटाइयो र गंगाधर दत्त जी को प्रतिभा वाट जनकपुर क्षेत्रमा नीकै प्रभाव परेको हुँदा दत्तजी यस स्कुलको प्रधानाध्यापक बनाइनु भयो । जुन बेला उनी यस स्कुलको हेड मास्टर नियुक्त हुनु भयो त्यस बेलामा यस स्कुलमा तीसवटा विद्यार्थीहरु र ५-६ वटा बेंच र एउटा स्टीलको कुर्सी थियो । उनको तलब एक सय रुपैया निर्धारण गरिएको थियो ।

गंगाधर दत्त भारतवाट आउनु भएको ले नेपाली भाषाको त्यति ज्ञान नभएको ले उनी 'अंग्रेजी' र कहिले काही हिन्दीमा कुरा गर्नु हुन्थ्यो ।

शुरुमा जनकपुरमा स्कुलको यस्तो अवस्था देखेर दत्तजीलाई यो ठाउ मन परेन र रामस्वरुप साहुजी ले उहाँलाई जती भन्नु हुन्छ त्यति खर्च गर्न आश्वासन पाए पछि यहाँ वस्न स्वीकार गर्नु भएको थियो र भा.रु. पंद्र सय रुपैयामा कलकत्ता वाट नक्सा तैयार भै आएको थियो र २६ वर्ष सम्म स्कुलको हेड मास्टर पदमा रही वि.सं. २०३० सालमा अवकास पाउनु भएको थियो ।

कौलेज को प्रीन्सीपल बन्दा केही ले विरोध पनि गरे अनि गुपचुप अर्को प्रींसिपल नियुक्त गर्ने चाल पनि भयो तर विरगंज का तत्कालीन प्रीन्सीपल ले उहाँलाई नै प्रिन्सीपल बनाउने सलाह दिएको र अर्को प्रीन्सीपल राख्ने कुराको डी.तुलसी गिरी ले घोर विरोध गर्नु भएको थियो । र गंगाधर दत्त जी लगभग चार वर्ष सम्म आर.आर. कौलेज को संस्थापक प्रीन्सीपल को रुपमा रहनु भयो ।

उनको प्रीन्सीपलको रुपमा विरोध हुनुमा मुख्य कारण थियो उहाँ बी.ए. मात्र हुनु हुन्थ्यो र केही व्यक्तिहरुको विचारमा कौलेजको प्रीन्सीपल को लागि एम.ए. हुनु आवश्यक छ भन्ने थियो । तर जनकपुरका गणमान्य व्यक्तिहरुले त्यस्तो विचारलाई खारेज गर्दै डी.गौरी नारायण गिरी जी काठमाण्डु गइ दत्त जी लाई प्रिन्सीपल बनाउने स्वीकृति लिएर आइ हाल्नु भयो ।

प्रीन्सीपल गंगाधर दत्त जी को विचारमा थियो कि पैसा र प्रतिष्ठा भिन्न भिन्न कुराहरु छन । उहाँ भन्नुहुन्थ्यो- "म प्रीन्सपल सम्म भएँ तर मैले जनकपुर मा एक धुर जग्गा सम्म कीन्न सकेको छैन । तर म जता जान्छु सबै ठाउमा आदर पाउछु । यै मेरो लागि धेरै हो । उहाँले एक पटक विद्यार्थी हरुको कारण थानामा जानु परेको थियो, संपूर्ण शैशिक जगत मा हलचल मचेको थियो, संपूर्ण नेपालमा आँधी वेरी आए जस्तो भयो, कती ठाउवाट उहाँलाई सोधिएको थियो कि थानामा पुलिस द्वारा कुनै प्रकारको अपमानित गर्ने कुरा त भएन ? यस्तो थियो समाजमा उनको सम्मान ।

> प्रीन्सीपल गंगाधर दत्त जी को विचारमा थियो कि पैसा र प्रतिष्ठा भिन्न भिन्न कुराहरु छन । उहाँ भन्नुहुन्थ्यो-"म प्रीन्सपल सम्म भएँ तर मैले जनकपुरमा एक धुर जग्गा सम्म कीन्न सकेको छैन । तर म जता जान्छु सबै ठाउमा आदर पाउछु । यै मेरो लागि धेरै हो ।" उहाँले एक पटक विद्यार्थी हरुको कारण थानामा जानु परेको थियो, संपूर्ण शैशिक जगत मा हलचल मचेको थियो, संपूर्ण नेपालमा आँधी वेरी आए जस्तो भयो, कती ठाउवाट उहाँलाई सोधिएको थियो कि थानामा पुलिस द्वारा कुनै प्रकारको अपमानित गर्ने कुरा त भएन ? यस्तो थियो समाजमा उनको सम्मान ।

जनकपुरमा कौलेज स्थापना को मुख्य प्रेरणा श्रोत थियो राजविराज र विराटनगरमा कौलेज हुनु र जनकपुरमा न हुनु । राजविराज भंदा जनकपुर धेरै कुरामा अगाडी थियो तर कौलेज थिएन । डी.गौरी नारायण गिरी ज्यूलाई जानकारी दिए पछि उनले नीकै जोर लगाउनु भयो । वीरगंजमा पनि कौलेज थियो ।

अब कुरा आयो प्रीन्सीपल को हुने ?डी. गौरी नारायण गिरी ज्यू ले प्रीन्सीपल को लागि एम.ए. हुनु आवश्यक छैन र जुन स्कूलमा यो कौलेज संचालन हुन्छ त्यसै स्कूल को हेडमास्टर प्रीन्सीपल बन्छ । यसमा डा. तुलसी गिरी ज्यूको विचार थियो कि अर्को प्रीन्सीपल राख्नु भयो भने कौलेज चलदैन । सरस्वती स्कूलमा एउटा बिशाल भेला को आयोजना भयो त्यसमा केही व्यक्तिहरुले दत्तजी लाई प्रीन्सीपल बनाउन न चाहेको पनि विचारहरु आयो तर डा. तुलसी गिरी, डी. गौरी नारायण गिरी ज्यूहरु त्यस्ता विचारवाट सहमत नहुनु भएको ले डी. गौरी नारायण गिरी काठमाण्डु गइ गंगाधर दत्त कै नाम मा प्रीन्सीपल हुने गरी कौलेजको स्वीकृति लिएर आउनु भयो । दत्तजी को प्रीन्सीपल को लागि वीरगंज कौलेजका प्रीन्सीपल के.बी. मानंधर जो स्वयं स्कूलको पनि हेड मास्टर हुनु हुन्थ्यो ले समर्थन जनाउनु भएको थियो ।

कौलेज स्थापना पश्चात त सब भंदा ठूलो समस्या थियो आर्थिक जो कुनै संस्थाको स्थापना मा हुन्छ । तर दत्तजी ले आफु डेढ सय रुपैया मासिक पाएर पनि शिक्षकहरुलाई तलब दिन मा ढीलो गर्नु भएन । उहाँले यसको लागि स्कूलको रुपैया खर्च गर्दै जानु भयो र अंत मा रु. एक लाख खर्च भए पछि डी. गौरी नारायण गिरी ज्यू रिसाउनु भएको थियो । सो रकम खर्च नगरेको भए कौलेज त वंद हुन्थ्यो र एक पटक वंद भए पछि पुनः संचालन हुन अति कठिन हुन सक्थ्यो ।

ैलेज संचालन गर्न जनकपुरका साहुजी परिवार रामस्वरुप साहुजी, डि. गौरी नारायण गिरी, मेघ प्रसाद उपाध्याय, मकेश्वर सिंह र रामनारायण मिश्र आदि गणमान्यहरुको अनुपम योगदान रहेको स्व. गंगाधर दत्तजीको मनाइ रहेको थियो ।

कौलेजमा मैथिली को पठन पाठन प्रीन्सीपल गंगाधर दत्तज को कार्यकालमा नै प्रारंभ भएको थियो ।

२०५७ सालमा आर.आर. कौलेज को स्थापना भएको थियो त्यस भंदा पूर्व एक पटक एकजना विद्यार्थी ले सरस्वती हाइ स्कूलका सेकेण्ड हेडमास्टर मोसद्दी मलिक जी लाई क्लासमा पढाउने बेलामा केही छात्रले अपमान जनक शब्द भनी दिनु भएपछि शिक्षक मोसद्दी मलिकजीले राजिनामा दिएर स्कूल छाड्ने निर्णय गरी हाल्नु भयो । यस पछि प्रधानाध्यापक दत्तजी ले छात्र हरुको एउटा भेला गर्नु भयो त्यसमा त्यो शिक्षक लाई अपमानित गर्ने छात्रले माफी माग्यो र मोसद्दी मलिक ज्यूलाई स्कुल न छाड्न सर्व सम्मतिवाट आग्रह गरे पछि अश्रुपुरित नेत्रवाट मोसद्दी मलिक ज्यूले यस निर्णय लाई स्वीकार गर्नुभएको थियो । दत्तज्यू को सुयोग्य नेतृत्वले नै यस्तो हुन सकेको थियो ।

प्रत्येक वर्ष सरस्वती पूजनोत्सव को वखत छात्र छात्राहरु को भेला गराएर कसरी पूजा संपन्न गर्ने छलफल गरी विभीन्न कमीटि बनाएर प्रत्येक वर्ष भव्यरुपमा सरस्वती पूजाको आयोजन दत्तज्यूको कार्यकालमा हुने गरेको उनको दक्षताको प्रमाण नै भन्नु पर्छ । उनको कार्यकालमा नै सरस्वती स्कूलमा प्रत्येक शुक्रवार सांस्कृतिक गोष्ठी प्रारंभ भएको थियो जो कैयौ वर्ष सम्म चलेको थियो ।

आफु प्रीन्सीपल छदा सम्म कौलेज को क्लासहरुमा अंग्रेजी आफै पढाउनु भएको थियो । यो हो उनको दक्ष शिक्षक र आदर्श प्रशासक को अनुपम स्वरुप ।

# राजा वीरेन्द्रको जन्मजयन्तीमा योगदानको चर्चा

टुडे समाचारदाता

काठमाण्डु । राजा वीरेन्द्रको ७९ जन्मजयन्तीका अवसरमा उहाँबाट देश विकास र प्रजातन्त्र सुदृढीकरणका लागि चालिएका कदमबारे चर्चा गरिएको छ ।

राप्रपा नेपालद्वारा शनिबार यहाँ आयोजित स्व. वीरेन्द्र : बहुआयामिक व्यक्तित्व विषयक विचार गोष्ठिमा सहभागीले सन्तुलित कूटनीतिकमाध्यमबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको

> विस २००२ मा जन्मिएका राजा वीरेन्द्रको २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको घटनामाउहाँसहितपरिवारको वंशनास भएको थियो ।

छवी प्रवर्द्धनमा उनको भूमिका महत्वपूर्ण रहेको चर्चा गरे ।

विस २००२ मा जन्मिएका राजा वीरेन्द्रको २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको घटनामा उहाँसहितपरिवारको वंशनास भएको थियो । नेपालको शाह वंशीय इतिहासमा उक्त घटनालाई रहस्यपूर्ण घटनाकारुपमा हेरिदैआएको छ । कार्यक्रममा राप्रपाका अध्यक्ष कमल थापाले नेपालको राजनीतिक इतिहासमा मुलुकको आधुनिकीकरण र प्रजातन्त्रको जगलाई बलियो बनाउन राजा वीरेन्द्रबाट महत्वपूर्ण योगदान भएको बताए ।

अध्यक्ष थापाले भने, “राष्ट्रवादी, विकासप्रेमी र लोकप्रिय राजा वीरेन्द्रबाट अन्तर्राष्ट्रिय समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि गर्न अतुलनीय योगदान भएको छ । पूर्वपश्चिम राजमार्गको पूर्णता, औद्योगिक विकास, अर्थतन्त्र सुदृढीकरण र जिल्ला सदरमुकामा सडक जोड्ने उहाँको सोच र कार्य महत्वपूर्ण छ ।”

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता एवं पूर्वपरराष्ट्रमन्त्री डा प्रकाशचन्द्र लोहनीले देश विकास र सन्तुलित परराष्ट्र नीतिका लागि राजा वीरेन्द्रले देखाएको बाटो अध्ययन गर्न सरकार र राजनीतिक शक्तिलाई सुझाव दिए । उनले भने, “राजा वीरेन्द्रले मुलुक सानो छ भन्ने मनोभावना कहिलै नबोक्न र विदेशीसँग हुने भेटवार्ता तथा छलफलमा राष्ट्रियस्वार्थलाई निधक्क अघि राख्न निर्देशन हुन्थ्यो । आज त्यो कुराको कमी देखिन्छ ।”

कार्यक्रमका सहभागी अन्य वक्ताले इतिहासको अध्ययन नगरी वर्तमानबारे बुझ्न नसकिने हुँदा राजा वीरेन्द्रबाट भएका कतिपय महत्वपूर्ण योगदानबारे आमनेपाली जनताले जान्न र थाहापाउन जरुरी रहेको बताए ।

सहभागीहरुले राजा वीरेन्द्रले अमेरिका, रुस, चीन र भारतलाई सन्तुलित कुटनीतिकका माध्यमबाट मिलाएर देश विकास र अन्तर्राष्ट्रिय क्षेत्रमा छवी उभिल्याउन ठूलो योगदान भएको चर्चा गर्दै औद्योगिक विकासका माध्यम्बाट देशलाई आर्थिक समृद्धिमा पुर्‍याउने सोच देशहितको पक्षमा रहेको बताए ।

# अघि बढ्नुको विकल्प छैन : उप्रेती

टुडे समाचारदाता

काठमाण्डु । काठमाडौँ केन्द्रित राजनीतिभन्दा जिल्ला र गाउँका जनताका समस्याको समाधानमा सहयोगी बन्नु सांसद हरिप्रसाद उप्रेतीलाई खुसीको विषय लाग्छ । त्यसैले उनले जिल्ला र गाउँमै बढी रहेर त्यहाँका विकास, निर्माण र जनताका साथमा बस्न र घुलमिल हुने कामलाई प्राथमिकता दिइरहेका छन् ।

हाल सङ्घीय संसद्को अधिवेशन सञ्चालन नभएकाले पनि होला नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य उप्रेती चिसोले कठ्याङ्ग्रिएका सर्लाहीको दक्षिणी भेगका जनतालाई न्यानो कपडा वितरणमा व्यस्त रहेका छन् । विभिन्न स्रोत र साथीभाइसँग चन्दा उठाएर भए पनि स्थानीयवासीलाई न्यायो कम्बल वितरण गर्नु, उखु तथा दुग्ध किसानलाई समयमा उचित भुक्तानी दिलाउनु र अनुचित लेनदेन (मिटरब्याज) पीडितको आवाज सम्बोधन गराउनु उनको दैनिकी बनेको छ । आफूहरुले सर्लाहीबाट मिटरब्याज पीडितको आन्दोलनको अगुवाइ र थालनी गरेर उक्त मुद्दालाई केन्द्रस्तरसम्म स्थापित गर्न भूमिका खेलेको सांसद उप्रेतीको भनाइ छ ।

मिटरब्याज पीडितको आन्दोलनपछि सरकारले पीडितसँगको सहमतिका आधारमा प्रस्तुत गरेको कानुनलाई संसद्बाट छिटो पारित गराउन सकिएको विषयलाई सांसद उप्रेती एउटा उपलब्धि मान्छन् । यद्यपी, उक्त कानुनको कार्यान्वयनका सवालमा जिल्ला जिल्लामा सहजता नदेखिएको र यसमा सरकारले पीडितका लागि प्रभावकारी काम नगरेको उनको आरोप छ ।

सर्लाही क्षेत्र नं ३ बाट निर्वाचित सांसद उप्रेती संसद् नचलेका बेलामा आफू जिल्लामै रहन र जनताका समस्या फुकाउनमा बढी समय दिने गरेको बताउछन् । संसद् चल्दा पनि त्यहाँ बोलिएका कुरा लागू नहुँदा र सरकारको प्रभावकारी सेवा गाउँमा नपुग्दा सम्बन्धित निकायमा आफूहरु घच्घच्याउन बाध्य हुनुपरेको उनको अनुभव छ । त्यसैले होला, संसदको वर्तमान कार्यकालको एक वर्ष समय कस्तो रह्यो भन्ने प्रश्नमा उनको जवाफ सकारात्मक छैन ।

एक वर्षमा राम्रो र परिणाममुखी काम गर्न नसकिएको मूल्याङ्कनका क्रममा सांसद उप्रेती मुलुकको अवस्था दिनप्रतिदिन बिग्रँदो देख्छन् । अर्थतन्त्र ओरालो लाग्न थालेको ठानेर चिन्तित उहाँ केन्द्रस्तरका कुरा गर्दागर्दै गाउँका जनताले रोजगारी, उद्यमशीलता र सेवामा सन्तुष्टि नपाएको तथा त्यसका लागि आफूले पर्याप्त भूमिका निर्वाह गर्न नपाएकामा



थकथक मान्छन् ।

“म अधिकांश समय गाउँमै हुन्छु । जनताका मुद्दामा साथ दिन्छु”, ‘सांसदसँग रासस संवाद’का क्रममा नेता उप्रेतीले आफ्नो शैली र दिनचर्याबारे सुनाए । आफूलाई किसानको छोरो भन्न रुचाउने नेता उप्रेती घरको वातावरण राजनीतिक भएकाले पनि विद्यार्थीकालदेखि वामपन्थी राजनीतिमा लागे । विसं २०३७ मा काठमाडौँको सरस्वती क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को सभापति भए । विसं २०७० को संविधानसभा सदस्यमा सर्लाहीबाट निर्वाचित उप्रेतीसँग २०७९ सालमा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा डेढ महिना रक्षामन्त्री सम्हालेको अनुभव पनि छ । एमालेको स्थानीय तह विभागका सदस्य उप्रेती सो पार्टीको मधेस प्रदेश कमिटीको पूर्वसदस्य भइसकेका छन् ।

संसद्को एक वर्षका अवधिमा पर्याप्त कानुन बन्न नसक्नु र सांसदहरु पनि असन्तुष्ट हुनुमा प्रतिपक्षले सरकारलाई र सरकारले प्रतिक्षलाई दोषारोपण गरेर उम्कन मिल्छ र ? भन्ने प्रश्नमा उनी भन्छन्, “सोचे जति काम गर्न नसक्नुमा राजनीतिक अस्थिरता मुख्य कारण हो । क्षणिक लाभका लागि छिटोछिटो गठबन्धन परिवर्तन गर्ने प्रवृत्तिले वैमनस्यता खडा गर्छ । एकअर्कालाई चिढ्याउने काम गर्छ । श्रद्धा घट्छ । विश्वसनीय र भरपर्दो वातावरण बन्दैन । यसको निकासका लागि राजनीतिक दलहरुका बीचमा तिक्तता हटाएर देशको विकास र राष्ट्रियताको रक्षाका लागि सहमतिका आधारमा अघि बढ्नुको विकल्प छैन ।”

सांसद उप्रेती प्रतिपक्षलाई दोष दिएर सरकार उम्कन नमिल्ने तर्क गर्दै आफूहरुले पनि जनता, जनजीविका र राष्ट्रका कुरा उठाइरहेको जिकिर गरे । किसानले आफूले श्रम गरेको मूल्य पाउन आन्दोलन गर्नुपर्ने, बेरोजगारीले विदेश जान पाउँ भनेर आन्दोलन गर्नुपर्ने र आन्दोलनमा गोलीसमेत प्रहार हुने पछिल्लो अवस्थाले जनतामा निराशा छाउने भएकाले सरकार संवेदनशील हुनुपर्ने धारणा सांसद उप्रेतीको छ ।

धेरै युवा कामको खोजीमा जोखिम मोलेर रुस गइरहेको अवस्था औँल्याउँदै उनी ‘छाक टार्न मृत्युसँग सामना गर्न तयार’ हुने जनतालाई स्वदेशमै रोजगारीसहित टिकाउनु नेतृत्वको कर्तव्य भएको ठान्छन् । ठूलो संख्यामा युवा कामका लागि विदेशिएको र गाउँका बुढाबुढी मुलुकको बिग्रँदो स्थिति देखेर दिक्क मानेको पाउँदा आफूलाई दुःख लाग्ने गरेको बताउँदै “अब हामीले जनतामा आशा जगाउनुपर्छ । हामी सबै मिलेर लागेमा प्राकृतिकरुपमा सुन्दर र उर्बरा भूमि नेपाल बनाउन धेरै समय लाग्दैन र हामीले समस्याबाट देशलाई सहज अवतरण गराउन सक्छौँ ।”

उनले भने, “राजनीतिक स्थिरता र प्रबल इच्छाशक्ति भएमा केही गर्न सकिन्छ । जनतालाई विकासको अनुभूति दिन लाग्नुपर्छ ।” सांसदले कानुन निर्माणमा भन्दा जनताका दैनिक समस्यामा लाग्नु कति जायज हो भन्ने प्रश्न पनि उठ्ने गरेको छ । सांसद उप्रेती भने निर्वाचनामा जाँदा नै दल र उम्मेदवारले जनताका हरेक समस्याको समाधान गर्छु भनेर प्रतिबद्धता गरेको सन्दर्भलाई सम्झाउछन् ।

“राज्यले जनतालाई सेवा सुविधाबाट सन्तुष्ट बनाउन सकेमा जनप्रतिनिधिले नीतिगत सवालमा मात्रै ध्यान दिए पुग्ने हो । तर सरकारबाट सेवा प्रभावकारी भएको छैन”, उनले भने, “जनतालाई हामीले ढाँट्नुहुँदैन । उनीहरुले अप्ठ्यारो पर्दा मेरो प्रतिनिधि छ र ऊ सक्षम छ भन्ने सोचेको हुन्छ, त्यो भावना र चाहनालाई हामीले सक्दो पूरा गर्नुपर्ने हुन्छ ।”

राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बीचको सम्बन्ध र सन्तुलनका सवालमा पनि सांसद उप्रेती प्रसन्न छैन । “यी तीन अङ्गबीचको सम्बन्ध सन्तुलित छैन । असन्तुलित छ । न्यायालयको विश्वसनीयता घटेको छ । कार्यपालिका र व्यवस्थापिकाले पनि जनताका लागि प्रभावकारी परिणाम दिन सक्ने गरी सन्तुलित काम गर्न सकेका छैनन”, उनी भन्छन्- “मुलुकको नेतृत्व गर्ने दल र नेतामा सङ्कीर्णता हुनुहुँदैन । त्यस्तो सङ्कीर्णता त्याग्न नसके मुलुकको अस्तित्व सङ्कटमा पर्छ ।”

रोजगारमूलक, उत्पादनमूलक र उद्यमशीलता बढाएर बेरोजगारलाई रोजगारी दिई युवालाई स्वदेशमै केही हुन्छ र देशका लागि सबैले केही गर्नुपर्छ भन्ने भावनाको विकास गराउनुपर्ने उनको जोड छ । “यसका लागि सरकार र राजनीतिक नेतृत्व र जनप्रतिनिधिले काँधमा काँध मिलाएर काम गर्नुपर्छ”, सांसद उप्रेतीको आग्रह छ ।

# परराष्ट्र सम्बन्ध सञ्चालन र कूटनीतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण उपलब्धि

टुडे समाचारदाता

काठमाण्डु । सरकार गठन भएको एक वर्षमा परराष्ट्र सम्बन्ध सञ्चालन र कूटनीतिक सम्बन्ध विस्तारमा महत्वपूर्ण गतिविधि तथा उपलब्धि हासिल भएका छन् । यस अवधिमा सार्वभौमिक समानता, पारस्परिक हित र लाभका आधारमा स्वतन्त्र तथा सन्तुलित परराष्ट्र नीति सञ्चालन भई छिमेकीलगायत विश्वका सबै मित्र राष्ट्रसँगको मैत्रिपूर्ण सम्बन्ध थप सुदृढ भएको छ ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले यस अवधिमा द्विपक्षीय भ्रमण तथा महत्वपूर्ण बैठक भएको जानकारी दिए । मित्रराष्ट्र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गत जेठ १७ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गरेका थिए । उक्त अवसरमा विभिन्न सात सम्झौता र समझदारीपत्रमा हस्ताक्षर भएको तथा पाँच विभिन्न परियोजनाको उद्घाटन र शिलान्यास सम्पन्न भएका थिए ।

## द्विपक्षीय भ्रमण र बैठक

यसैगरी मित्रराष्ट्र चीनका प्रधानमन्त्री लि छियाङको निमन्त्रणामा प्रधानमन्त्री दाहालले गत असोज ६ देखि १३ गतेसम्म चीनको भ्रमण गर्नुका साथै चीनको हाङ्जाउमा आयोजित १९औं एसियाली खेलकुदको उद्घाटन समारोहमा सहभागी भए । सेप्टेम्बर २५ मा स्टेट काउन्सिलका प्रिमिएर लि छियाङसँगको प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्तापश्चात् विभिन्न समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको निमन्त्रणामा परराष्ट्रमन्त्री साउदले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत कात्तिक १२ देखि २८ सम्म अमेरिकाको भ्रमण गरे । भ्रमणका क्रममा परराष्ट्रमन्त्री साउदले विभिन्न उच्चस्तरीय भेटवार्ता गर्नुका साथै सो अवसरमा नेपाल-अमेरिका सम्बन्धको सुदृढीकरण एवं द्विपक्षीय सहयोग विस्तारका सम्भावनाका बारेमा महत्वपूर्ण छलफल भएका थिए ।

त्यस्तै गत मे ६ तारिखमा सम्पन्न संयुक्त अधिराज्य बेलायतका राजा चार्ल्स तृतीयको राज्याभिषेकमा परराष्ट्रमन्त्री साउद सहभागी भएका थिए । सो अवसरमा उनले नेपाल-बेलायत सम्बन्धका विविध पक्षहरुमा छलफल गरेका थिए । बङ्गलादेशको ढाकामा गत बैशाख ३० गते सम्पन्न छैठौं ईन्डियन ओसन कन्फेरेन्समा परराष्ट्रमन्त्री साउद सहभागी भइ उक्त सम्मेलनमा सहभागी हुने क्रममा विभिन्न देशका विदेशमन्त्री तथा उच्च अधिकारीसँग भेटवार्ता गर्नुका साथै आपसी हितका विभिन्न विषयमा छलफल गरेका थिए ।

यस्तै परराष्ट्र सचिव भरतराज पौड्यालको मैत्रीपूर्ण निमन्त्रणामा भारतका परराष्ट्र सचिव विनय मोहन क्वात्राले फ्रेबुअरी १३ र १४ तारिखसम्म नेपालको भ्रमण गरेका थिए । उक्त अवसरमा अन्तरआबद्धता अभिवृद्धि, विद्युत् व्यापार, कृषि, स्वास्थ्यलगायत विविध विषयमा छलफल भएको थियो । यसैगरी बेलायतका ‘डिफेन्स पिपुल, भेट्रान्स एण्ड फेमिलिज मन्त्री एन्ड्रयु मोरिसनले गत माघ २६ गते नेपालको भ्रमण गरेका थिए । नेपाल र बेलायतले यस वर्षलाई नेपाल-बेलायतमैत्री सन्धि १०० वर्ष मनाइरहेका छन् । बेलायतका विदेश राष्ट्रमण्डल र विकास कार्यालयका राज्यमन्त्री एनी मारी ट्रेभल्यानले नेपालको भ्रमण गर्नुभएका साथै प्रधानमन्त्री दाहालसँगको भेटघाटका अवसरमा द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल गरेका थिए ।

यस्तै अमेरिकाका राजनीतिक मामिला सम्बन्धि उपविदेशमन्त्री भिक्टोरिया नुल्याण्डले गत माघ २९ र ३० गतेसम्म नेपालको भ्रमण गरी नेपाल-अमेरिका द्विपक्षीय सम्बन्धका व्यापार, लगानी प्रवर्द्धनलगायतका विविध विषयमा छलफल गरेका थिए । अन्तर्राष्ट्रिय साझेदारीका लागि युरोपेली आयुक्त जुट्टा उर्पिलेननले गत माघ २५ गते नेपाल भ्रमण गरी युरोपियन युनियनको सहयोगमा कार्यान्वयन भइरहेका कार्यक्रमको अवलोकन र उच्चस्तरीय भेटघाट गरेका थिए ।

जनवादी गणतन्त्र चीनको तिब्बत स्वायत्त क्षेत्रका पार्टी सचिव वाङ जुनझेङ्ले नोभेम्बर ८ देखि ११ तारिखसम्म नेपालको भ्रमण गर्नुभएको र सो अवसरमा दुई सम्झौतामा हस्ताक्षर भएको थियो । नेपालको कूटनीतिक सम्बन्ध स्थापनालाई विस्तार गर्दै लगिएको छ । नेपाल र मार्सल आइल्याण्डबीच गत जुन २३ मा कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यससँगै नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना गरिएका मुलुकको सङ्ख्या कूल एक सय ८१ पुगेको मन्त्रलयको विवरणमा उल्लेख छ ।

नेपाल र छिमेकी मित्रराष्ट्र बङ्गलादेशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा अन्तरसंवाद, गोष्ठि र सांस्कृतिक कार्यक्रम आयोजना गरी मनाइएको छ । यस अवधिमा युएसएआइडी प्रशासक सामन्था पावरले गत माघ २४ गते नेपाल भ्रमण गरी युएसएआइडीको सहयोगमा सञ्चालित विकास कार्यक्रम र आयोजनाको अवलोकन एवं उच्चस्तरीय भेटघाट गरेका थिए ।

## द्विपक्षीय परामर्श संयन्त्रका बैठक

नेपाल-चीन द्विपक्षीय कूटनीतिक संयन्त्रको १५औं बैठक गत चैत २३ गते बेइजिङमा सम्पन्न भयो । बैठकमा नेपाल-चीन सम्बन्धलाई अझ बलियो बनाउन उच्चस्तरीय भेटघाटको निरन्तरता, आर्थिक सहायता, व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन, सञ्जाल विस्तार तथा कृषि, शिक्षा, संस्कृति तथा जनस्तरमा सम्बन्ध विस्तार गर्ने सम्बन्धमा छलफल भएको थियो ।

नेपाल र युरोपेली संघबीच स्थापना भएको नेपाल-युरोपियन युनियनको संयुक्त आयोगको १४औं बैठक गत माघ १८ गते बेल्जियममा सम्पन्न भयो । उक्त बैठकमा द्विपक्षीय सम्बन्धलाई अझ प्रभावकारी बनाउने, व्यापार तथा लगानी प्रवर्द्धन, हवाई सुरक्षा, जनस्तरमा सम्बन्ध विस्तार, मानव अधिकार, जलवायु तथा वातावरणलगायतका विषयमा छलफल भएको थियो ।

नेपाल-फ्रान्स द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक गत माघ ३ गते काठमाडौँमा सम्पन्न भएको थियो । बैठकमा नेपाल-फ्रान्स द्विपक्षीय व्यापार, लगानी, प्रविधि हस्तान्तरण, पर्यटन तथा कोभिड-१९ पछाडिको आर्थिक पुनःरुत्थानका विषयमा छलफल भएको थियो । नेपाल-बेलायत द्विपक्षीय कूटनीतिक संयन्त्रको छैटौं बैठक २६ अप्रिल २०२३ मा बेलायतको लण्डनमा सम्पन्न भएको थियो । उक्त बैठकमा नेपाल-बेलायतबीचको द्विपक्षीय सम्बन्धका विकास सहायता, व्यापार, लगानी, पर्यटन प्रवर्द्धन, शिक्षा, मानव विकासका साथै भूतपूर्व गोर्खा सैनिका विषयमा छलफल भएको थियो ।

नेपाल-दक्षिण कोरिया द्विपक्षीय संयन्त्रको छैटौं बैठक गत वैशाख १ गते सिओलमा सम्पन्न भएको थियो । उक्त बैठकमा नेपाल-दक्षिण कोरियाबीच व्यापार, लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, शिक्षा, ऊर्जा, प्रविधि हस्तान्तरण र जनस्तरमा सम्बन्ध विस्तार गर्न समन्वय गर्ने सम्बन्धमा छलफल भएको थियो । नेपाल-जापान द्विपक्षीय कूटनीतिक संयन्त्रको चौथो बैठक गत वैशाख ५ गते टोकियोमा सम्पन्न भएको थियो । बैठकमा नेपालको निर्यात व्यापार तथा लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, फोहर व्यवस्थापन, विपद् व्यवस्थापन, वैदेशिक रोजगारी व्यस्थापन विषयमा छलफल भएको थियो ।

यसैबीच यही पुस ६ गते नेपाल र श्रीलङ्काबीच संयुक्त आयोगको पहिलो बैठक काठमाडौँमा सम्पन्न भएको छ । बैठकमा दुई देशबीचको व्यापार र लगानी अभिवृद्धि गर्ने, हवाई उडान विस्तार गर्ने, संस्कृति, पर्यटन र शिक्षा आदानप्रदान, सार्क र बिमस्टेक प्रक्रियालाई सुदृढ गर्नेलगायत क्षेत्रीय सहयोग र बहुपक्षीय फोरममा सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

## बहुपक्षीय कूटनीतिको सञ्चालन

संयुक्त अरब इमिरेट्स (युएई) का उपराष्ट्रपति एवं प्रधानमन्त्री शेख मोहम्मद विन रसिद अल मक्टौमको निमन्त्रणामा दुबईमा आयोजना भएको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) को विश्व जलवायु कार्य सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल गत मङ्सिर १३ देखि १७ गते सम्म सहभागी भएका थिए । सम्मेलनमा उनले जलवायु परिवर्तनबाट नेपालजस्ता पर्वतीय मुलुकले भोग्नुपरेका समस्यालाई अन्तर ष्ट्रिय समुदायका सामु जोडदार रुपमा प्रस्तुत गरेका थिए ।

यसै अवधिमा प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत सेप्टेम्बर १७ देखि २१ तारिखसम्म संयुक्त राष्ट्रसङ्घको ७८औं महासभामा सहभागी भएका थिए । उनले राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै बहुपक्षीयताप्रति नेपालको पूर्ण प्रतिबद्धता व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घको समयानुकुल सुधार तथा पुनः संरचना गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रधानमन्त्री दाहालको निमन्त्रणामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले २९ अक्टोबरदेखि १ नोभेम्बरसम्म नेपालको भ्रमण गर्नुभएको थियो । महासचिव गुटेरेसले उच्चस्तस्तरीय भेटघाटका क्रममा नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, गरीबी निवारणलगायत विषयमा छलफल गरेका थिए । साथै सो अवसरमा महासचिव गुटेरेसले सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरेका थिए ।

उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले गत फागुन१९गतेदेखिकतारकोराजधानीदोहामा आयोजित संयुक्त राष्ट्रसङ्घको अतिकम विकसित मुलुकको पाँचौं विश्वसम्मेलनमा सहभागिता जनाएको थियो । नेपालले ५ अप्रिल २०२३ देखि संयुक्त राष्ट्र सङ्घअन्तर्गत अतिकम विकसित मुलुकको ग्लोबल कोअर्डिनेशन ब्यूरो समूहको नेतृत्व लिएको छ ।

यसैगरी नेपाल संयुक्त राष्ट्रसङ्घको छ मुख्य परिषद्मध्येको एक ‘आर्थिक तथा सामाजिक परिषद्’मा सन् २०२४ देखि २०२६ सम्मका लागि सदस्यमा निर्वाचित भएको छ । गत ८ जुन २०२३ मा राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा भएको मतदानमा नेपाल १४५ मतसहित एसिया प्रशान्त क्षेत्रका देशको समूहमा सर्वाधिक मतका साथ विजयी भयो ।

## आर्थिक कूटनीति सञ्चालन र सेवा प्रवाह

बेलायतको लण्डनस्थित नेपाली राजदूतावासले नेपाल र संयुक्त अधिराज्यबीच सन् १९२३ मा सम्पन्नमैत्री सन्धि हस्ताक्षर भएको एक सय वर्ष पूरा भएको अवसरमा गत अक्टोबर ३१ तारिखमा सिटी अफ लण्डनको म्यान्सन हाउसमा एक उच्चस्तरीय लगानी सम्मेलनको आयोजना गरेको थियो । त्यस्तै गत वर्ष पुस १३ गतेदेखि नेपाल र जनवादी गणतन्त्र चीनबीचको रसुवा-केरुङ नाका द्विपक्षीय व्यापारका लागि खुला गरिएको थियो । हिल्सा-पुराङ नाका पनि एकातर्फ व्यापारका लागि खुला भएको थियो ।

गत अक्टोबर ७ तारिखमा दक्षिणी इजरायलको किवुज अलुमिममा बिद्रोही हमास समूहको आक्रमणमा परी निधन भएका १० नेपाली विद्यार्थीको शव नेपाल ल्याउन तथा नेपाल फर्कन इच्छुक इजरायलस्थित नेपालीको उद्धारका लागि समन्वय गरिएको थियो । उद्धारका लागि परराष्ट्रमन्त्री साउद स्वयम् इजरायल जानुभएको थियो भने सम्पर्कविहीन रहेका विद्यार्थी विपिन जोशीको खोजी भइरहेको मन्त्रालयले जनाएको छ ।

साथै विदेशमा समस्यामा परेका नेपाली नागरिकलाई उद्धार र स्वदेश फिर्तिमा सहजीकरण गर्न कूटनीतिक पहल गरिएको छ । यसका लागि विदेशस्थित कूटनीतिक नियोगलाई अधिकतम परिचालन गरिएको छ । सुडानमा विकसित राजनीतिक परिस्थितिका कारण अलपत्र परेका ३१ नेपाली नागरिकलाई परराष्ट्र मन्त्रालय तथा कायरो, रियाद र जेद्दास्थित नेपाली नियोगको सक्रिय समन्वय र प्रयासमा सकुशल उद्धार गरिएको छ ।

राहदानी सेवा व्यवस्थित गरिएको छ । एक महिनाका लागि अग्रिम अनलाइन आवेदन फाराम खोल्न सुरू गरिएको छ । यसबाट राहदानीका लागि सेवाग्राहीको भीड उल्लेख्य मात्रामा घटाउन सकिएको छ । कन्सुलर सेवा विभागले गत साउन २१ गतेदेखि प्रहरी चारित्रिक प्रमाणपत्रलाई पूर्णरुपमा अनलाइन माध्यमबाट प्रमाणीकरण गर्ने व्यवस्था गरेको छ । यसबाट सेवाग्राहीको पैसा र समय बचत हुनुका साथै विभागमा सेवाग्राहीको भीड उल्लेख्य मात्रामा घटाउन सकिएको छ ।

मन्त्री साउदले मन्त्रालय तथा मातहतका विभाग र विदेशस्थित नियोगबाट नेपाली नागरिकलाई प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन मन्त्रालयको सङ्गठन पुनःसंरचना तथा दरबन्दी पुनरावलोकन गर्ने कार्य भइरहेको बताए । सोही सिलसिलामा पोर्चुगलमा नेपाली राजदूतावास खोल्ने निर्णयसमेत भइसकेको र श्रम गन्तव्य भएका युरेपेली मुलुकमा समेत नेपाली राजदूतावास खोल्ने विषयमा प्रारम्भिक छलफल भइरहेको उनले जानकारी दिए ।

# श्रमिकका समस्या सम्बोधन गर्ने प्रधानमन्त्री दाहालको प्रतिबद्धता



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले श्रमजीवी वर्गका हकअधिकारलाई सम्बोधन गर्न आफू क्रियाशील रहेको बताएका छन् । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले शनिबार यहाँ आयोजना गरेको छैटौं राष्ट्रिय ट्रेड युनियन सम्मेलनमा उनले वर्तमान सरकार गठन भएको एक वर्षको अवधिमा आफूले श्रम क्षेत्रलाई उच्च प्राथमिकता दिएको बताए । उनले प्रभावकारीरूपमा श्रमिकमैत्री नीति र कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

“वर्तमान सरकार सबैभन्दा बढी श्रमिकमैत्री छ, देश निर्माणका आधारभूत र निर्णायक शक्तिका रुपमा रहेका श्रमजीवी वर्ग र ट्रेड युनियनले उठाएका सवाललाई यथासम्भव सम्बोधन गर्न क्रियाशील रहनेछु”, प्रधानमन्त्री दाहालले भने, “राज्यका हरेक संरचनामा १० प्रतिशत श्रमिक वर्गको प्रतिनिधित्व, अर्धन्यायिक अधिकारसहितको संवैधानिक राष्ट्रिय श्रम आयोग गठन तथा सामाजिक सुरक्षा योजनामा सूचीकृत नहुने रोजगारदातालाई कानुनी दायरामा ल्याउनुपर्नेलगायत श्रमिकका न्यायोचित माग पूरा गर्न प्रतिबद्ध छु ।”

स्वदेश तथा विदेशमा रहेका श्रमिक एवं अनौपचारिक क्षेत्रका श्रमिकको हितका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना लागू गरिएको जानकारी दिँदै प्रधानमन्त्रीले श्रमिकका जायज माग र मुद्दामा जहिले पनि सरकार साथमा रहेको विश्वास दिलाए । विदेशमा रहेका नेपाली कामदार एवं श्रमिकको हितका निम्ति सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको उल्लेख गर्दै उनले विदेशस्थित सबै दूतावास र कूटनीतिक नियोगमा सहायताकक्ष स्थापनादेखि प्रवेशाज्ञा र राहदानी नवीकरणसम्मका काममा सहजीकरण गरिएको बताए ।

प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्षको अवधिमा राजनीतिक स्थायित्व, अर्थतन्त्रमा सुधार, सुशासनको प्रत्याभूति, सेवा प्रवाह र सामाजिक न्यायका क्षेत्रमा केही महत्वपूर्ण मानक स्थापित भएको जिकिर गरे । “यत्तिमै म सन्तुष्ट छैन, मैले देशवासीका नाममा सम्बोधन गर्दै आगामी वर्षका लागि केही नयाँ सङ्कल्प सार्वजनिक गरेको छु, ती सङ्कल्प दृढतापूर्वक कार्यान्वयन गर्दै देशमा आशाको रक्तसञ्चारसहित समृद्धिको आधार तयार पार्नु मेरो प्रमुख प्राथमिकता हुनेछ”, उनले भने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले श्रमिक वर्गसँग समन्वय गरेर रोजगारदाता अघि बढिरहेको बताए । महासङ्घ र जेटियुसिसीबीच हालै भएको सहकार्यसम्बन्धी सम्झौताले रोजगारादता र श्रमिक पक्षबीचको सम्बन्धलाई सुमधुर बनाउने उनको विश्वास छ । नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले रोजगारदाताले श्रमिकको हितलाई प्राथमिकता दिँदै आएको तथा मजदूर र मालिक नभई आर्थिक समृद्धिको सहयात्री हौँ भन्ने भावनाको विकास गरिएको बताए ।

जेटियुसिसीका अध्यक्ष बिनोद श्रेष्ठले श्रमजीविका समस्या समाधान तथा श्रमिकका हकहित प्रवर्द्धन गर्न आफूहरु क्रियाशील रहेको बताए । उनले श्रमिममैत्री कार्यक्रम सुरुआत गर्न सरकारसँग आग्रह गरे । ट्रेड युनियन अधिकार संस्थागत हुनुपर्नेमा झन् कटौती हुँदै गएकामा असन्तुष्टि व्यक्त गर्दै उनले मजदुरमैत्री अन्तर्राष्ट्रिय अभिसन्धि तत्काल अनुमोदन गर्न आग्रह गरे ।

दुई दिनसम्म चल्ने सम्मेलनमा श्रमिक वर्गको हकअधिकार कार्यान्वयनका लागि चाल्नुपर्ने कदमलगायत श्रमिककाबारेमा छलफल हुनेछ । सम्मेलनले जेटियुसिसीको नयाँ नेतृत्वसमेत चयन गर्नेछ ।

# दिल्ली प्रहरीद्वारा इजरायली दुतावासमा भएको विस्पोटको रिपोर्ट दर्ता

**एएनआइ**

नयाँदिल्ली । दिल्ली प्रहरीले डिसेम्बर २६ मा इजरायली दुतावास नजिक भएको संदिग्ध विस्पोटको विषयमा रिपोर्ट दर्ता गरेको दिल्ली प्रहरी ले जनाएको छ।

बम स्वाड टोलीका शिर्ष अधिकारीका अनुसार विस्पोटको रिपोर्ट दिल्ली पुलिसलाई बुझाइने छ। दिल्ली प्रहरीका अनुसार विस्पोटको कारण अझै पत्ता लाग्न सकेको छैन, उनीहरू फोरेन्सिक रिपोर्ट कुरिरहेका छन् । प्रहरी हरेक तरिकाबाट अनुसन्धानमा लागिरहेको छ। मङ्गबार दिल्ली प्रहरीलाई चाणक्यपुरी कुटनीतिक क्षेत्रमा इजरायली दुतावास नजिकै विस्पोट सुनिएको फोन प्राप्त भयो। तर अधिकारीहरूले घटनास्थलमा केही प्रमाण नभेटिएको बताएका थिए।

दुतावास क्षेत्रमा अर्ध सैनिक बल तैनाथ गरेको दुई दिन पछि प्रहरीले इलाका नजिकै विस्पोट भएको सुनेको सुरक्षा अधिकारीले जानकारी दिए ।अनुसन्धान पछि दुई संदिग्धलाई नियन्त्रणमा लिएको थियो। तर उनीहरूको संलग्नता भने अझै पुष्टि गरेको छैन। भारतका लागि इजरायली उपराजदुत ओहद नकास कायनारले दुतावासका सबै कर्मचारी तथा कुटनीतिज्ञ सकुशल रहेको पुष्टि गरेका छन्।

# रूसी आक्रमणबाट शुक्रबार कम्तीमा ३० युक्रेनीको मृत्यु

**एएफपी**

कीएभ, युक्रेन ।रूसले युक्रेनमाथि शुक्रबार गरेको भीषण हवाई आक्रमणमा परी कम्तीमा ३० जनाको मृत्यु हुनुका साथै सयौं घाइते भएका छन्।

युक्रेनी अधिकारीहरूका अनुसार ब्यारेज, विद्यालय, प्रसूति गृह, व्यापारिक केन्द्र र आवासीय भवनमा क्षति पुगेको छ ।सन् २०२२ को फेब्रुअरीको अन्त्यदेखि रूसी सेनामाथि आक्रमण गरिरहेको युक्रेनलाई रूसी क्षेप्यास्त्रले पोल्याण्डको हवाई क्षेत्र पार गरेको थियो र त्यसको अन्तर्राष्ट्रिय निन्दा भएको थियो भने त्यसपछि युक्रेनको सुरक्षाका लागि सैन्य सहयोगको नयाँ प्रतिबद्धता व्यक्त गरिएको थियो।



राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भन्नुभयो, “आज रूसले हामीसँग आफ्नो शस्त्रागारमा भएका लगभग सबै कुराबाट प्रहार गरेको छ।”रूसले युक्रेनमा १५८ वटा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको र तीमध्ये ११४ वटा ध्वस्त भएको युक्रेनको सेनाले अनुमान गरेको छ ।वायु सेनाका प्रवक्ता युरी इग्नाटले एएफपीसँग भन्नुभयो, “यो क्षेप्यास्त्र प्रयोगको दृष्टिकोणबाट ‘अहिलेसम्म कै उच्च सङ्ख्या’ भएको र एकै पटक धेरैतिर गरिएका ‘सबैभन्दा ठूलोमध्येको क्षेप्यास्त्र आक्रमण’ हो।

रूसले युक्रेनको हवाई प्रतिरक्षा प्रणालीलाई अधिकांश प्रमुख शहरहरूमा ध्वस्त पार्ने प्रयास गरेको छ पछिल्लो आक्रमणमा शाहेद ड्रोनहरूलाई श्रृख्लावद्ध तरिकाले प्रयोग गरिएको छ। युद्धक विमानहरू र रूसी-नियन्त्रित क्षेत्रबाट विभिन्न प्रकारका मिसाइलहरू प्रहार गरिएको छ।

गृहमन्त्री इगोर क्लाइमेन्कोले टेलिग्राममार्फत जारी सन्देशमा भन्नुभयो, “युक्रेनी भूमिमा रूसले बिहान गरेको भीषण आक्रमणमा परी अहिलेसम्म ३० जनाको मृत्यु भएको छ भने १६० भन्दा बढी घाइते भएका छन्।

युक्रेनको खार्किभ शहरबाट ८० किलोमिटर उत्तरमा रहेको बेल्गोरोडमा रहेको एक आवासीय भवनमा भएको आक्रमणमा परी एक जनाको मृत्यु हुनुका साथै चार जना घाइते भएको रूसी अधिकारीहरूले बताएका छन्।

रूसको रक्षा मन्त्रालयका अनुसार बेल्गोरोड क्षेत्रमा १३ वटा क्षेप्यास्त्र प्रहार गरिएको छ भने सीमाको उत्तरमा रहेको ब्रायन्स्क, कुर्स्क र ओरिओल क्षेत्रमा र मस्को क्षेत्रमा ३२ वटा ड्रोन खसालेका छन् ।रूसी सेनाले गत साता युक्रेनको सैन्य शिविरमा ५० वटा सामूहिक आक्रमण र एउटा ठूलो आक्रमण गरेको जनाएको छ ।संयुक्त राष्ट्रसङ्घले आक्रमणको निन्दा गर्दै तत्काल बन्द गर्नुपर्ने बताएको छ।

संयुक्त राष्ट्रसङ्घका सहायक महासचिव मोहम्मद खियारीले भन्नुभयो, “दुःखको कुरा, आजको डरलाग्दो आक्रमण रूसी महासङ्घको बढ्दो आक्रमणको शृख्लाको पछिल्लो घटना मात्र हो ।”पोल्याण्डका अनुसार रूसी क्षेप्यास्त्र आफ्नो हवाई क्षेत्र भएर गएको छ ।“सबै कुराले रूसी क्षेप्यास्त्र पोल्याण्डको आकाशमा प्रवेश गरेको सङ्केत गर्छ । यो पनि छोडियो,” पोल्याण्डको सशस्त्र बलका जनरल स्टाफका प्रमुख जनरल विस्लाव कुकुलाले भन्नुभयो।

पोल्याण्डका राष्ट्रपति आन्द्रेज डुडासँग कुरा गरेपछि नेटोका प्रमुख जेन्स स्टोल्टेनबर्गले यो गठबन्धन पोल्याण्डसँग ऐक्यवद्धताका साथ उभिएको बताउनुभएको छ ।निरन्तर रूसी आक्रमणको सामना गर्दै युक्रेनले पश्चिमी मित्रराष्ट्रहरूलाई सैन्य समर्थन कायम राख्न आग्रह गरिरहेको छ ।युक्रेनका राष्ट्रपतिका सहयोगी एन्ड्री येर्माकले कीभलाई ‘यो आतङ्क रोक्न थप सहयोग र शक्तिको खाँचो रहेको’ बताएका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनका लागि नयाँ सहायता स्वीकृत गर्न आफ्नो विभाजनलाई पार गर्न संसद्सँग आह्वान गर्नुभएको छ । वासिङ्टनले विद्यमान सम्झौताअन्तर्गत हतियारको अन्तिम प्याकेज जारी गरेपछि अमेरिकी संसद् (कङ्ग्रेस)ले नवीकरण गर्न बाँकी छ।

बाइडेनले भन्नुभयो, “जबसम्म कङ्ग्रेसले नयाँ वर्षमा तत्काल कदम चाल्दैन, तबसम्म हामी युक्रेनलाई उसको सुरक्षाका लागि आवश्यक पर्ने हतियार र महत्वपूर्ण हवाई प्रतिरक्षा प्रणाली पठाउन जारी राख्न सक्दैनौं ।उहाँले भन्नुभयो, “कङ्ग्रेसले कुनै ढिलासुस्ती नगरी कदम चाल्नुपर्छ।”

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले ‘हामी युक्रेनको साथमा रहिरहनुपर्छ’ भनको केही दिनपछि बेलायतले कीएभमा थप सयौं हवाई प्रतिरक्षा क्षेप्यास्त्र पठाउने घोषणा गरेको थियो। युक्रेनको उत्तरपूर्वी क्षेत्रमा खार्किभ, पश्चिममा एलभिभ, पूर्वमा निप्रो र दक्षिणमा ओडेसा गरी कम्तीमा छ वटा युक्रेनी क्षेत्रलाई लक्षित गरी आक्रमण गरिएको थियो।

मेयर भिटाली क्लिट्स्कोले बताएअनुसार आर्टिओम हतियार कारखाना नजिकै लुक्यानिभ्स्का मेट्रो स्टेशनमा क्षति पुगेको र राजधानी कीएभमा सात जनाको मृत्यु भएको छ। उद्धारकर्ताहरूले शेभचेन्को जिल्लाको एक गोदामको भग्नावशेषबाट मानिसहरूलाई उद्धार गर्न दिउँसोसम्म काम गरेको नगर प्रशासनले जनाएको छ । डेनिप्रोको एक प्रसूति गृहमा गम्भीर क्षति पुगेको छ तर कर्मचारी र बिरामीले समयमै आश्रय लिन सफल भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । डेनिप्रोपेट्रोभ्स्क क्षेत्रका गभर्नर सर्गी लिसाकका अनुसार अस्पतालमा आक्रमण हुँदा १२ सुत्केरी महिला र चार नवजात शिशु रहेका थिए ।सपिङ मल, निजी घर र प्रशासनिक भवनमा भएको आक्रमणमा परी छ जनाको मृत्यु हुनुका साथै २८ जना घाइते भएका छन्।

खार्किभका गभर्नर ओलेग सिनेगुबोभका अनुसार खार्किभले करिब २० वटा हवाई आक्रमणको सामना गर्नुपरेको छ जसमा एक गैर-सैनिक उद्यममा कार्यरत तीन कर्मचारीको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् ।निप्रो नदीको किनारमा रहेको जापोरिजियामा गभर्नर युरी मालाश्कोले सात जनाको मृत्यु भएको र १३ जना घाइते भएको जानकारी दिनुभयो। बर्षायामदेखि नै पुनः आक्रमण भइरहेको ओडेसा क्षेत्रमा चार जनाको मृत्यु भएको छ।

पश्चिमी युक्रेनको एलभिभमा भएको आक्रमण निकै दुर्लभ छ, तर शुक्रबार उक्त क्षेत्र पनि छाडिएको छैन ।आक्रमणमा परी एक व्यक्तिको मृत्यु हुनुका साथै १५ जना घाइते भएको गृह मन्त्रालयले जनाएको छ।

जेलेन्स्कीले आफूले पूर्वी युक्रेनको अवदाइभका शहरको भ्रमण गरेको बताएका छन्, जुन युक्रेनको प्रतिआक्रमणले रूसको रक्षात्मक रेखालाई छेड्न असफल भएपछि एक प्रमुख युद्ध स्थल बनेको छ ।“यो युद्धको अग्रपङ्तीको सबैभन्दा कठिन क्षेत्रमध्ये एक हो”, उहाँले “त्यहाँ सैनिकहरूलाई पदक दिँदै गरेको भिडियो सहित टेलिग्राममा लेख्नुभएको छ।

उहाँले भन्नुभएको छ, “म देशको लागि अग्रपङ्तीमा लड्ने सबैप्रति आधार प्रकट गर्छु यस वर्ष सम्पूर्ण देश आफ्ना सैनिकहरूको कारण बाँच्न सफल भएको छ।”

# मेक्सिकोमा रात्रिभोजमा गोली चल्दा छ जनाको मृत्यु

**एएफपी**

मेक्सिको सिटी। मेक्सिकोको उत्तरपश्चिमी क्षेत्रमा शुक्रबार एक पार्टीमा बन्दुकधारीले गोली चलाएपछि भएको झडपमा छ जनाको मृत्यु भएको छ।



सोनोरा राज्यका अभियोजकको कार्यालयले भनेको छ, “हत्याको प्रयास, हत्या, स्वतन्त्रता हरण र आपराधिक सम्बन्धको लागि पक्राउ पुर्जी जारी गरिएका आपराधिक समूहको नाइकेविरुद्ध भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ।”

काजेमे नगरपालिकामा बिहानै भएको आक्रमणमा परी पाँच जनाको मृत्यु हुनुका साथै २६ जना घाइते भएका छन्। घटनामा आक्रमणकारी पनि मारिएको बताइएको छ ।सन् २००६ देखि लागूऔषधसम्बन्धी हिंसामा परी चार लाख २० हजारभन्दा बढी मानिसको हत्या भइसकेकोमेक्सिकोमाबन्दुकधारीहरूले सामाजिक जमघटलाई लक्षित गरेको इतिहास छ।

गत डिसेम्बर १७ मा मध्य राज्यग्वानाजुआटोमा मेक्सिकोका युवाहरूले भाग लिएको क्रिसमस पार्टीमा बन्दुकधारीहरूले अन्धाधुन्ध गोली चलाउँदा ११ जनाको मृत्यु भएको थियो।

# हमासको मुख्यालयको सुरुङ ध्वस्त पारेको इजरायली दावी

**एएफपी**

तेल अभिव, इजरायल। उत्तरी गाजा पट्टीमा हमासको राजनीतिक र सैन्य मुख्यालय रहेका सुरुङहरू फेला परेको र तिनीहरूलाई नष्ट गरिएको इजरायली रक्षा बलले शनिबार जनाएको छ।



इजरायलले प्यालेष्टिनी कट्टरपन्थी लडाकू समूह (हमास) का लडाकूहरूले प्रयोग गरेका सुरुङहरूको फुटेज सार्वजनिक गर्दै सुरुङहरूमा विद्युतको पहुँच , भेन्टिलेसन र ढल पूर्वाधार, प्रार्थना कक्ष र विश्राम कक्षहरू रहेको उल्लेख गरेको छ ।हालैका हप्ताहरूमा, १६२ औं डिभिजनको कमान्डमा १४ औं रिजर्भ ब्रिगेड कम्ब्याट टिमले गाजा पट्टीमा हमास आतङ्कवादी सङ्गठनका नेता याह्या सिनवारको गोप्य बासस्थान (अपार्टमेन्ट) फेला पारी नष्ट गरेको छ।

उक्त अपार्टमेन्ट उत्तरी गाजा पट्टीको गाजा शहर नजिकै रहेको इजरायली रक्षा बलले जनाएको छ ।रक्षा बलका अनुसार, “याहलोम युनिटका सैनिकहरूले थप प्राविधिक साधनहरू प्रयोग गरेर अपार्टमेन्टको खोजी गरेका थिए । अपार्टमेन्टको भूमिगत संरचनाको सबैभन्दा तल हमासको रणनीतिक सुरूङ मार्ग रहेको थियो। सैनिकहरूले सुरुङ मार्ग हुँदै भित्री महत्वपूर्ण सुरुङमा पुगेको र त्यसलाई हमासको सैन्य र राजनीतिक विभागका वरिष्ठ अधिकारीहरूले प्रयोग गर्ने गरेको बताइएको छ।

“यो अपार्टमेन्ट लामो र शाखारहित सुरुङ सञ्जालको हिस्सा हो । यसमा हमासका वरिष्ठ अधिकारीहरू सरेका थिए र सञ्चालन गरेका थिए। “उत्तरी गाजा पट्टीमा हमासले २१८ मिटर लामो र २० मिटर गहिरो सुरुङ बनाई आफ्ना रणनीतिक कामहरू गर्दै आएको”, इजरायली रक्षा बलले जनाएको छ, “सुरुङभित्र विद्युतीय सञ्जाल, भेन्टिलेसन र ढल निकास पूर्वाधार, लुकेको सामग्री, प्रार्थना कक्ष र विश्राम कक्षहरू फेला पारेका थिए।”

सुरूङभित्र रहन र लामो समयसम्म यसबाट युद्ध गर्न सम्भव हुनेगरी निर्माण गरिएको थियो। इजरायली सेनाले याहलोम युनिटका सैनिकहरूले सुरुङलाई नष्ट गरेका छन्।

रक्षा बलले याहलोम युनिटका सैनिकहरूले सुरुङको मार्ग पत्ता लगाएको र सुरूङभित्र सुरक्षा जाँचसमेत गरेको फुटेज साझा गरेको छ। सेनाले हमासको मुख्यालय क्षेत्रमा सुरुङहरू भत्काएको फुटेज पनि साझा गरेको छ।

गुप्तचर सूचनाको आधारमा लडाकूहरूले हमास आतङ्कवादी सङ्गठनका कार्यकर्ताहरूको दर्जनौं घरहरूमा छापा मारेका र त्यहाँ फेला पारेका विस्फोटक पदार्थहरू नष्ट गरेका छन्।

# बङ्गलादेशमा पेशागत दुर्घटनामा मृत्यु हुनेको सख्या उच्च

**सिन्ह्वा**

ढाका । बङ्गलादेशमा सन् २०२३ मा विभिन्न पेशागत दुर्घटनाहरूका कारण कूल १० हजार २ कामदारको मृत्यु भएको स्थानीय विकासमामिला हेर्ने एक संस्थाले जनाएको छ।

बङ्गलादेश व्यवसायिक सुरक्षा, स्वास्थ्य, र वातावरण प्रतिष्ठानले शुक्रबार ढाकामा पत्रकार सम्मेलन गरी तथ्याङ्क सार्वजनिक गरेको हो।

मृतकमध्ये सबैभन्दा बढी यातायात क्षेत्रका ६३७ जना कामदारको ज्यान गएको छ। २२०, निर्माण क्षेत्रका, १४९, कृषि क्षेत्रका १४६ र उत्पादन क्षेत्रका ९४ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । यसैगरी, सन् २०२३ मा कार्यस्थलका घटनामा ५०२ जना गम्भीर घाइते भएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

तथ्याकअनुसार सन् २०२३ मा संस्थागत क्षेत्रमा



३२९ जनाको मृत्यु तथा २७७ जना घाइते भएका छन्। यसैगरी अनौपचारिक क्षेत्रमा एक हजार १०३ जनाको मृत्यु तथा दुई सय २५ जना घाइते भएका छन् । कार्यस्थलमा हुने मृत्युमा सडक दुर्घटना, विद्युत् चुहावट, आगलागी, भवन भत्किने, चट्याङ, ग्यास सिलिण्डर विस्फोट, हिंसा, कामदारमाथि हुने शारीरिक दुर्व्यवहारलगायत विभिन्न कारण पहिचान गरेको जनाएको छ।

तथ्याङ्कले २०१३ देखि चालु वर्षको डिसेम्बर २८ सम्म कम्तिमा नौ हजार २६३ व्यक्तिले कार्यस्थलसँग सम्बन्धित दुर्घटनामा ज्यान गुमाएको जनाएको छ।

संस्थाले पत्रपत्रिका, अनलाइन , टेलिभिजन, स्थलगत रिपोर्ट कर्मचारीहरूले गठन गरेको नेटवर्कलगायतबाट सङ्कलित जानकारीको आधारमा प्रतिवेदन तयार गरेको बताएको छ।

# चीनका भूकम्प प्रभावित क्षेत्रमा पुनः पठनपाठन सुरु

**सिन्ह्वा**

चीन । भूकम्पबाट प्रभावित उत्तरपश्चिम चीनको गान्सु प्रान्तको जिशिसानस्थित बोनान-डोङ्सिआङ-सलार काउन्टीमा पुनः पठनपाठन सुरु गरिएको छ । भूकम्प प्रभावित साठी हजारभन्दा बढी बिद्यार्थीको लागि कक्षा पुनः पठनपाठन सुरु भएको प्रान्तीय शिक्षा विभागले शनिबार जनाएको छ।

शुक्रबारसम्म भूकम्पपछि विद्यालय भवन भत्किएका तर वसन्त सेमेस्टरका लागि भर्ना भएका सबै विद्यार्थीका लागि अस्थाई टहरा बनाई कक्षा सञ्चालनमा ल्याइएको छ । यसका लागि एक हजार १६५ घर-टहरा निर्माण गरिएको विभागले जनाएको छ।

काउन्टीका उच्च माविहरूले यसअघि नै डिसेम्बर २२ देखि अनलाइन कक्षाहरू सुरु गरेका थिए । यसैगरी माध्यमिक र प्राथमिक विद्यालयहरूले बिस्तारै सोमबारदेखि अनलाइन वा अफलाइन कक्षाहरू सुरु गरेका छन् ।भूकम्पले क्षतिग्रस्त विद्यालय भवनको मर्मत तथा सुदृढीकरणको काम भइरहेको छ।

गत हप्ता ६.२ म्याग्निच्युडको भूकम्पले लिनक्सिया हुई स्वायत्त प्रान्तको जिशिशानको बोनान-डोङ्गक्सियाङ्ग-सलार काउन्टीमा व्यापक धनजनको क्षति हुनेगरी धक्का दिएको थियो। भूकम्पका कारण दर्जनौं मानिसले ज्यान गुमाएका थिए भने सयौंको सख्यामा भौतिक संरचनाहरू भत्किएर क्षतिग्रस्त अवस्थामा छन्।

# उत्तरी भारत शीत लहरको चपेटामा

**एएनआइ**

नयाँदिल्ली । उत्तर भारतीय क्षेत्रमा चिसो बढ्दै गएको भारतको मौसम विज्ञान विभाग (आईएमडी) ले शनिबार जनाएको छ। विभागले पञ्जाबको अधिकांश भागहरूमा ७-१०डिग्री सेल्सियसको दायरामा न्यूनतम तापमान रेकर्ड गरेको छ।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीका अनुसार शनिबार बिहान दिल्ली, राजस्थान र मध्ये प्रदेशका लगाएतका क्षेत्रको तापक्रम ७-१० डिग्री सेल्सियसको बीचमा रहेको बताएको छ । कडा चिसोले उत्तर भारतको विशाल भागलाई चपेटामा परेको छ। बाक्लो कुहिरोले शहरहरू ढाकेको छ।

स्थानीयहरू न्यानोको लागि आगोको वरिपरि झुम्मिरहेको दुश्य देखिन्छ । उत्तर प्रदेशको प्रयागराज, जयपुर, राजधानी लगायतका शहरहरू शनिबार बिहान शित लहरसंगै बाक्लो कुहिरो लागेको थियो । पञ्जाब, हरियाणा, दिल्ली, उत्तर प्रदेश, बिहार, उत्तर राजस्थान लगायतका क्षेत्रमा बिहानी समयमा बाक्लो कुहिरो भारतको मौसम विज्ञान विभाग (आईएमडी) द्वारा कैद गरिएको थियो।

मौसम विभागले डिसेम्बर ३० देखि जनवरी दुई सम्म जम्मू-कश्मीर-गिलगिट-बाल्टिस्तान-हिमाचल प्रदेश, उत्तराखण्डमा अधिक कुहिरो लाग्ने सम्भावना उल्लेख गरेको छ । बाक्लो कुहिरोका कारण यात्रुहरूले पनि कठिनाइको सामना गर्नु परेको छ। धेरै उडान तथा रेलहरू कम दृश्यताका कारण ढिलो र परिवर्तन भएका छन्।

स्रोतका अनुसार शनिबार बिहान ८:३० बजेसम्म दिल्लीको आईजीआई एयरपोर्टमा मौसमको अवस्थाका कारण करिब ८० उडानहरू ढिलाइ भएको बताइएको छ।

# सुडानको स्वास्थ्य सङ्कटबारे डब्लूएचओको चेतावनी

**एएफपी**

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सुडानमा गहिरिँदो स्वास्थ्य र मानवीय सङ्कटसँग जुध्नका लागि तत्काल कदम चाल्न आह्वान गर्दै अन्तर्राष्ट्रिय समुदायलाई आर्थिक सहयोग बढाउन आग्रह गरेको छ।

विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले युद्धबाट प्रभावित सुडानी क्षेत्रका अधिकांश स्वास्थ्य संस्थाले युद्धका कारण काम गर्न नसकेको शुक्रबार बताउनुभएको छ।




गत अप्रिल १५ देखि सुडानका सेना प्रमुख अब्देल फतह अल बुरहानले आफ्ना पूर्व सहयोगी रहेका अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेजका कमाण्डर मोहम्मद हमदान डग्लोसँग सशस्त्ररूपमा लडिरहनुभएको छ । सुडानको राजधानी खार्तूमको दक्षिणमा रहेको अल-जजिरा राज्यमा भएको द्वन्द्वपछि पाँच लाखभन्दा बढी मानिसले शरण लिएका थिए।

तर, यसै महिना अर्धसैनिक बलले राज्यको गहिराइमा पुगेर देशको बाँकी रहेका केही भागमध्ये एकलाई ध्वस्त पारिदिएपछि तीन लाखभन्दा बढी मानिस फेरि भाग्न बाध्य भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

टेड्रोसले ट्वीटरमा भन्नुभएको छ, “सुडानमा बढ्दो मानवीय र स्वास्थ्य सङ्कटबीच बढ्दो द्वन्द्वलाई उल्ट्याउन तत्काल कदम चाल्न आवश्यक छ । द्वन्द्वका कारण मुख्यतया महिला र बालबालिकासहित लाखौं मानिस प्रभावित भउका छन्।

सशस्त्र द्वन्द्व स्थान र घटना डाटा परियोजनाको एक अनुमानअनुसार अप्रिलमा द्वन्द्व सुरु भएयता हिंसामा १२ हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ ।टेड्रोसले भन्नुभयो, “रोगको फैलावट नियन्त्रण र कुपोषणको खतरालाई सम्बोधन गर्नेलगायत तीव्र स्वास्थ्य आवश्यकताहरूको साझेदारहरूसँग प्रतिक्रिया दिँदै डब्ल्यूएचओले प्रभावित जनसख्याको अत्यावश्यक स्वास्थ्य आवश्यकताहरू पूरा गर्न अन्तर्राष्ट्रिय समुदायबाट थप आर्थिक सहयोगको लागि पनि आह्वान गर्दछ।”

उहाँले भन्नुभयो, “यसमा प्रभावित राज्यहरूमा सबैभन्दा कमजोर व्यक्तिहरूका लागि आधारभूत स्वास्थ्य सेवाहरूको प्रावधानलाई बढावा दिनु रहेको छ। सुडानमा कम्तिमा ७० प्रतिशत स्वास्थ्य संस्थाहरूले द्वन्द्वका कारण काम गरिरहेका छैनन्।

संयुक्त राष्ट्रसङ्घका अनुसार कम्तीमा ७१ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये १५ लाख सीमा पार गरेर छिमेकी मुलुकतर्फ भागेका छन् ।इथियोपियाका पूर्व स्वास्थ्यमन्त्री टेड्रोसले सन् २०१७ देखि संयुक्त राष्ट्रसङ्घको स्वास्थ्य निकायको नेतृत्व गर्दै आएका छन्।

# माछापालनतर्फ किसानको आकर्षण बढ्दो



टुडे समाचारदाता

कैलाली । पछिल्लो समयमा सुदूरपश्चिममा माछापालन व्यवसायतर्फ कृषकको आकर्षण बढ्दै गएको छ । यहाँका करिब दुई सयभन्दा बढी प्राकृतिक तालतलैया र सयौँ कृत्रिम पोखरीमा व्यावसायिक माछापालन हुँदै आएको छ।

सरकारी तथ्याङ्कअनुसार सुदूरपश्चिममा वार्षिक १० हजार मेट्रिकटन माछा उत्पादन हुँदै आएको छ । सुदूरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्ला माछा उत्पादनको प्रमुख केन्द्रका रुपमा विकसित हुँदै गएको मत्स्यविकास केन्द्र गेटा कैलालीका प्रमुख सूर्य शाहीले बताए। सुदूरपश्चिममा उत्पादित माछाले यहाँको ७५ प्रतिशत माग धानिरहेको बताउँदै उनले बाँकी २५ प्रतिशत भारत तथा अन्य प्रदेशबाट आयात भइरहेको जानकारी दिए।

सुदूरपश्चिममा माछाको खपत पनि बढ्दै गएको छ।

एक व्यक्तिले वार्षिक सरदर साढे दुई किलो माछा उपभोग गर्दै आएको केन्द्रको तथ्याङ्कले देखाएको छ। उत्पादनमा वृद्धिसँगै आउँदो १० वर्षमा प्रतिव्यक्तिलाई १० केजी उपभोग गराउने लक्ष्य रहेको कार्यालय प्रमुख शाहीले बताए। उनले आउँदो १० वर्षभित्र ३० हजार मेट्रिकटन उत्पादन पुऱ्याउने लक्ष्य रहेको जानकारी दिए।

माछापालक कृषकले समयमा माछाको भुरा, दाना, औषधिलगायत आवश्यक सामग्री नपाउने समस्या रहेको बताइएका छन्। माछा व्यवसायतर्फ कृषकको आकर्षण बढ्दै गए पनि बजारीकरणमा निकै समस्या भेल्नु परेको शाहीको भनाइ थियो।

कैलाली र कञ्चनपुरमा मात्रै वार्षिक चार हजार आठ सय मेट्रिकटन माछा खपत हुने गरेको छ। केन्द्रका अनुसार प्रदेश भरी वार्षिक करिब १० हजार मेट्रिकटन खपत हुने गरेको छ।

मत्स्यविकास केन्द्रका अनुसार दुई जिल्लामा गरी एक हजार सात सय ५० हेक्टर जमिनमा रहेका पोखरीमा माछापालन गरिँदै आइएको छ। तीमध्ये एक हजार तीन सय हेक्टर प्राकृतिक र दुई सय ५० हेक्टर कृत्रिम ताल रहेका छन्।

कृत्रिम तालमा प्रतिहेक्टर वार्षिक तीन मेट्रिकटन र प्राकृतिक तालमा प्रतिहेक्टर एक मेट्रिकटन माछा उत्पादन हुने गरेको छ। केन्द्रका प्रमुख शाहीका अनुसार सुदूरपश्चिममा ग्रासकार्प, सिल्भरकार्प, विगेटकार्प, रौ, नैनी र भाकुर जातका माछापालन हुने गरेको छ । उनले पछिल्लो १० वर्षको अवधिमा सुदूरपश्चिमका पहाडी जिल्लाभन्दा कैलाली र कञ्चनपुरमा माछापालन व्यवसाय निकै फस्टाएको बताए।

एक दशकअघिसम्म यी दुई जिल्लामा करिब ९० प्रतिशत भारतबाट आयात हुने माछा खपत हुने गरेकामा १० वर्षको अवधिमा आन्तरिक उत्पादन बढ्दै गएको जनाइएको छ।

विभिन्न प्रजातिका माछाका भुरा उत्पादन गरेर मत्स्यपालक किसानलाई बिक्रीवितरण गर्दै आइएको जनाउँदै मत्स्यविकास केन्द्रले पछिल्ला वर्षमा लक्ष्यभन्दा बढी परिमाणमा भुरा उत्पादन भइरहेको उल्लेख गरेको छ । केन्द्रमा ह्याचलिङ, फ्राई, फिङ्गरलिङ र एडभान्स फिङ्गरलिङ साइजका माछाका भुरा उत्पादन गरी बिक्रीवितरण हुने गरेको छ।

**लक्ष्य अनुसार राजस्व सङ्कलन हुन सकेन**

कैलाली भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न सकेको छैन। मङ्सिर मसान्तसम्म रू चार अर्ब ५८ करोड ३५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा रू दुई अर्ब ९६ करोड ७१ लाखमात्रै सङ्कलन भएको भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काले जानकारी दिए।

खड्काका अनुसार चालु आवको साउनमा रू ७२ करोड ३५ लाख लक्ष्य रहेकामा रू ४६ करोड ८२ लाख, भदौमा रू ८८ करोड ४० लाख लक्ष्य रहेकामा रू ५१ करोड ९३ लाख, असोजमा रू ९७ करोड ८१ लाख लक्ष्य रहेकामा रू ६३ करोड १४ लाख, कात्तिकमा रू ९७ करोड ५२ लाख लक्ष्य रहेकामा रू ६१ करोड ६४ लाख र मङ्सिरमा रू एक अर्ब दुई करोड २५ लाख लक्ष्य रहेकामा रू ७३ करोड ३४ लाख मात्रै राजस्व असुली भएको छ।

भन्सार कार्यालयको चालु आव २०८०/८१ मा वार्षिक राजस्व सङ्कलनको लक्ष्य रू ११ अर्ब ५८ करोड २४ लाख रहेको छ । चालु आवको पाँच महिना अर्थात् मङ्सिर मसान्तसम्म रू दुई अर्ब ९६ करोड ७१ लाख मात्रै राजस्व सङ्कलन भएको छ जुन वार्षिक लक्ष्यको २५ दशमलव ६१ प्रतिशत मात्र रहेको सूचना अधिकारी खड्काले जानकारी दिए।

भन्सार कार्यालयले गत आव २०७९/८० मा पनि कुनै महिनामा राजस्व सङ्कलन लक्ष्यमा पुग्न नसकेको जनाएको छ। गत आवमा वार्षिक राजस्व सङ्कलनको लक्ष्य रू १२ अर्ब ३० करोड ६६ लाख रहेकामा रू आठ अर्ब २९ करोड ६३ लाख असुली भएको थियो। जुन लक्ष्यको ६७ दशमलव ४१ प्रतिशत मात्रै रहेको जनाइएको छ।

आयातमा कमी भएसँगै राजस्व सङ्कलनमा कमी आएको सूचना अधिकारी खड्काको भनाइ थियो । उनले भने, "आयात घट्यो, बढी राजस्व असुली हुने सामान आयातमा कमी आयो । त्यसले राजस्व सङ्कलनमा पनि कमी आएको हो।" उनीँका अनुसार राजस्व सङ्कलनको लक्ष्य वृद्धि पनि ४० प्रतिशतले बढेर आएकाले राजस्व सङ्कलन लक्ष्यमा पुग्न नसकेको हो।

# अनदीधान खेतीको उत्पादनमा कमी



टुडे समाचारदाता

लेखनाथ। केही वर्ष पहिला हरेक किसानको खेतमा हुने अनदीधान अहिले रोप्न छाडिएको छ। अरू धानभन्दा झन्डै आधा कम फल्ने भएकाले अनदीको खेती कम हुँदै गएको कृषि ज्ञान केन्द्र कास्कीले जनाएको छ।

पोखरा-९ नयाँबजार निवासी सुनिता सिग्देलले पुस १५ मा अनदीको लट्टे (चाम्रे) खाने चामल किन्नका लागि बजारका एक दर्जन पसल डुल्नु परेको बताए। "हाम्रो समाजमा पुस १५ गतेदेखि दिन लामो हुँदै जान्छ भन्ने पहिलेदेखिको मान्यता छ । पुस १५ लामो रात हुने भएकाले रातमा भोक नलागोस् भनेर बेलुका अनदीको लट्टेमा घीउ र खुदो हालेर खाने प्रचलन रहिआएको छ", उनले भने।

विशेषगरी पुस १५ मा लट्टे खानका लागि प्रायः किसानले आफ्नै खेतमा अनदीको खेती गर्दै आएपनि पछिल्ला वर्ष यस्तो धान लगाउनेको सङ्ख्या कम हुँदै गएको केन्द्रका प्रमुख किरण सिग्देलले बताए।

केही वर्षदेखि अनदीको उत्पादन घटेसँगै अन्य चामलको तुलनामा यसको मूल्य तीन गुणा बढी रकम तिर्न उपभोक्ता बाध्य छन्। पोखरेली बजारमा अनदीको चामल प्रतिकेजी रु तीन सयसम्म बिक्री हुने गरेको छ।

अरू धानभन्दा झन्डै आधा कम फल्ने भएकाले अनदीधानको उत्पादन घट्दै गएको सिग्देलले बताए। यस कारण किसान अनदी खेतीप्रति आकर्षित नभएका उनको भनाइ थियो।

"चाडपर्वमा मात्र बिक्री हुने भएकाले यहाँका किसानले नगन्य मात्रामा धान रोप्ने गरेका छन्", प्रमुख सिग्देलले भने, "व्यावसायिक रुपमा केही मात्रामा बेगनास, रुपा र मादीबेँसी फाँटमा यो धान लगाइने गरिएको छ।" उनका अनुसार जिल्लामा अनदी धान कति मात्रामा उत्पादन हुन्छ भन्ने तथ्याङ्क भने कुनै पनि सरकारी तथा गैरसरकारी कार्यालयसँग छैन। बेगनास, रुपा, मादी, अन्नपूर्ण गाउँपालिकामा बढी मात्रामा रातो अनदी लगाइने केन्द्रको भनाइ छ।

रुपा गाउँपालिकाका किसान विश्वनाथ ढकालका अनुसार रुपा र मादी गाउँपालिकाको किमबेँसी, तालबेँसी, मकैखोला, मादीबेँसी, माझठाना, बेगनासफाँट र आर्वाफाँटमा यो धान उत्पादन हुने गरेको छ । अनदीलाई मल धेरै हाल्न नपर्ने, धेरै पानी र रासायनिक मल आवश्यक नपर्ने उनीँको भनाइ थियो।

खेती गर्न सहज भए पनि चाडपर्वबाहेक अन्य समयमा माग कम हुने भएकाले यसखेतीप्रति आकर्षण घटेको ढकालले बताए। उत्पादन कम भएसँगै हरेक वर्ष चामलको अभाव हुँदै गएको उनीँको भनाइ थियो। "अनदीको धान लगाउने क्रम बर्सेनी घट्दै गएको छ । उन्नत जातको धान प्रतिहेक्टर छ टनसम्म फल्ने भए पनि अनदी मुस्किलले दुई टन मात्रै फल्ने भएकाले व्यावसायिक प्रयोजनका लागि यो धान लगाउन छाडेका छन्", ढकालले भने । पोखरामा लट्टेका लागि रातो अनदी बढी प्रयोग हुने छ।

अनदी एक प्रकारको मोटो चामल हो। नेपालमा रातो र सेतो अनदीको चामल प्रयोग हुन्छ । गुलियो भात, चाम्रे अथवा लट्टे, दूधमा बनाएको खीर, भुटेको खट्टे, पुवा, सेल रोटी बनाउन अनदी चामलको प्रयोग हुने कृषि क्षेत्रमा काम गर्दै आएको संस्था लीवर्ड पोखराका वरिष्ठ कृषि प्राविधिक बुद्धि थापाले बताए । "अनदी चामलमा थोरै एमाइलोज धेरै एमाइलो-पेक्टिन भएकाले यसको भात टाँसिने वा च्यापच्याप लाग्ने हुन्छ । पहेँलो वा सेतो भनिने अनदी चामल झुसिलो मिठो र शरीर जोसिलो बनाउने प्रकृतिको हुन्छ। यसको मुख्य गुण यसले शरीरको आन्तरिक अङ्गहरूलाई तन्दुरुस्त राख्न चाहिने चिल्लो पदार्थ भरपूर मात्रामा हुन्छ", उनले भने।

अनदीको चामलबाट बनेका परिकारले कब्जियत पैदा गर्ने सम्भावना बढी हुने भएकाले घीउ वा खुदो राखेर सेवन गर्न थापाले सुझाव दिए । "अनदी स्थानीय बाली भएकाले हावापानी अनुकूल हुनाका साथै सुक्खा, खडेरी, अनावृष्टि तथा अतिवृष्टि, रोगकिराको सङ्क्रमण पनि सहन सक्ने हुन्छ", उनले भने।

# मकै खेतीबाट मनग्य आम्दानी



टुडे समाचारदाता

नवलपरासी । नवलपरासी( बर्दघाट सुस्तापूर्व)को गैँडाकोट नगरपालिका-६ का तिलकप्रसाद रिजालले अहिले दुई बिघा क्षेत्रफलमा मकैखेती गर्नुभएको छ। विगत १५ वर्षदेखि बेमौसमी मकैखेती गर्दै आउनुभएका उनले हिउँदे मकैखेतीबाट रु पाँच लाख आम्दानी गर्ने गरेका छन्।

रिजालले भने, "हरियो मकै बिक्रीका लागि समस्या नहुने तथा उत्पादन पनि राम्रो हुने भएकाले हामी मकै खेती गर्न थालेका छौँ।

" रिजाल पशु विकास कृषि फार्म दर्ता गरी व्यावसायिक रूपमा मकैखेती गर्दै आएका उनले हिउँदे मकै बिक्री गरी एउटा याममा चार लाखदेखि रु पाँच लाखसम्म आम्दानी गर्न थालेका छन्।

"बाह्रै महिना मकै उत्पादन हुने भएकाले यहाँका किसानले व्यावसायिक मकै खेती गरेर जिल्ला बाहिर बिक्री गर्दै आएका छौँ", उनले भने, "हरियो मकैको प्रतिघोगा रु पाँचदेखि रु दशका दरले तथा सुक्खा प्रतिक्विन्टल रु तीन हजारका दरले बिक्री हुने गरेको छ।"

बर्खे धान रोप्ने ठाउँमा दुई बाली र मकैमात्र लगाउँदा राम्रोसँग तीन बाली उत्पादन गर्न सकिने हुँदा आफूले पनि व्यावसायिक मकैखेती गर्दैआएको गैँडाकोटकै सरस्वती सापकोटाले बताए। व्यावसायिक मकैबाट राम्रो आम्दानी भएको र परिवारको खर्च धान्न पुग्ने उनले बताए।

हरियो मकै पोलेर खान स्वादिष्ट हुने भएकाले मकै धेरै बिक्री हुनेगरेको सडक किनारमा मकै पोलेर बेच्दै आएकी स्थानीय सावित्री शर्माले बताए। "प्रतिघोगा रु पाँचदेखि रु दशमा खरिद गरेर रु २० देखि रु २५ मा पोलेको मकै बिक्री हुने गरेको छ", उनले भने।

गैँडाकोट नगरपालिकाका किसान बेमौसमी मकैखेतीबाट मनग्य आम्दानी गर्दैआएका छन् । यहाँ उत्पादन भएको मकै जिल्लाको माग धानेर देशका मुख्य सहरमा बिक्रीका लागि पठाउने गरिएको छ । जिल्ला बाहिर नारायणघाट, बुटवल, काठमाडौँ, पोखरालगायत मुख्य सहरमा मकै बिक्री गर्न लैजाने गरेको स्थानीयले बताएका छन्।

गैँडाकोट-६, ७ र ८ वडालाई मकैको पकेट क्षेत्रको रूपमा घोषणा गरिएको गैँडाकोट नगरपालिका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले बताए।

"गैँडाकोट-५, ६, ७, ८ र ९ नम्बर वडामा बेमौसमी मकै उत्पादन हुनेगरेको छ, बाह्रैमास मकै उत्पादन हुनेभएकाले पनि यहाँका स्थानीय कृषक मकै व्यापारमा आकर्षित भएका छन्", उनले भने।

गैँडाकोट नगरपालिकाभित्र ६६ हेक्टर क्षेत्रफलमा हिउँदे मकै लगाउने गरिएको छ।

प्रतिहेक्टर चार सय ६२ मेट्रिक टन मकै उत्पादन भएको शर्माले बताए । "आर्थिक वर्ष २०७८/७९ मा प्रतिहेक्टर तीनसय ५० मेट्रिक टन उत्पादन भएको थियो", उनले भने, "आव २०७९/८० मा एक सय १२ मेट्रिक टनले उत्पादनमा वृद्धि भई चार सय ६२ मेट्रिक टन मकै उत्पान भएको छ।"

गैँडाकोटमा बर्खे मकै सात हजार तीनसय ३३ हेक्टर क्षेत्रफलमा लगाइएको तथ्याङ्क छ । हिउँदको समयमा लगाएको हरियो मकै मात्र रु तीन करोड बढीको गैँडाकोट क्षेत्रबाट बिक्री हुने गरेको शाखा प्रमुख शर्माले जानकारी दिए।

> "आर्थिक वर्ष २०७८/७९ मा प्रतिहेक्टर तीनसय ५० मेट्रिक टन उत्पादन भएको थियो", उनले भने, "आव २०७९/८० मा एक सय १२ मेट्रिक टनले उत्पादनमा वृद्धि भई चार सय ६२ मेट्रिक टन मकै उत्पान भएको छ।"

# तरकारी खेतीबाट पर्याप्त आम्दानी

टुडे समाचारदाता

गण्डकी। लगनशील हुने हो भने कृषि गर्न आफ्नै जग्गा चाहिन्छ भन्ने छैन, भाडामा लिएको जग्गाबाट पनि पर्याप्त आम्दानी गर्न सकिन्छ भनेर यहाँका एक कृषकले उदाहरण दिएका छन्।

पोखरा महानगरपालिका-३१ नहर छेउ देउराली खोलास्थित भाडामा लिएको नौ रोपनी जग्गामा गरेको व्यावसायिक तरकारीखेतीबाट प्रशस्त आयआर्जन गर्न सफल कृषक गोविन्द बास्तोला यतिखेर सबैका लागि अनुकरणीय बनेका हुन्।

पोखरा-२८ स्याङ्दी टारीको पैत्रिकसम्पत्ति भिरालो पाखोबाट तरकारीखेती सुरु गरेर अनुभव बटुलेका बास्तोला अवसर खोज्दै पाँच वर्षअघि वेगनाश तालको नजिक समथर र उर्वरभूमिमा परिवारसहित झरेका हुन्।

"जीविकोपार्जनको आधार तरकारी थियो गाउँमा उत्पादन गरेको तरकारी बिक्रीका लागि डोकोमा बोकेर डुलाउँदा साह्रै दुःख थियो", ६२ वर्षीय कृषक बास्तोलाले भने, "फाँटमा झरेपछि उत्पादन गरेको तरकारी खरिद गर्न व्यापारी बारीमै आउने गरेका छन्।

शरीरले सुख पाउनुका साथै समयको समेत बचत भएको छ।"

मौसमी तथा बेमौसमी तरकारीखेती गरिरहेको भन्दै चार रोपनी क्षेत्रफलमा अहिले बन्दा, काउली र ब्रोकाउली खेती फस्टाएको बास्तोलाले बताए। बन्दा दैनिक दुई सय केजी बिक्री हुँदै आएको उनले राससलाई जानकारी दिए।

सुरुका दिनमा प्रतिकेजी बन्दा रू ५० मा बिक्री गरे पनि पछिल्लो समय रू ३० मा बिक्री गर्दै आएको बताउँदै कृषक बास्तोलाले बताए।

करिब १५ क्विन्टल बेच्दा रू ५० हजार आम्दानी भएको उनीँको भनाइ थियो। यस वर्ष तीन हजार पाँचसय क्विन्टल उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए।

"बन्दा सकिएपछि काउलीले उत्पादन दिन थाल्छ। यस सिजनमा बन्दा, काउली र ब्रोकाउलीका बिरुवा बिक्री गरेर रू ३० हजार आम्दानी भएको छ", उनले भने।

बेमौसी तरकारी खेतीका लागि बारीमा १० वटा टनेल निर्माण गरिएको बताउँदै बास्तोलाकी श्रीमती चित्राकुमारी बास्तोलाले भने, "चिसो मौसम सुरु भएसँगै टनेलभित्र काँक्रा, घिरौँला, करेला, सिमीजस्ता लहरेबाली लगाउने तयारी भएको छ। धान काटेपछि खेतमा दुई सय ५० केजी आलुको बीउ रोपेका छौँ।"

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत विभिन्न समयमा फलामको टनेल दुई र कच्ची टनेल पाँच निर्माण, असिना छेक्ने जाली, हातेट्र्याक्टर लगायतमा ५० प्रतिशतका दरले एक लाखभन्दा बढी अनुदान प्राप्त भएको उनले जानकारी दिए।


खानेपानी र विद्युत् छिमेकीको घरबाट उपयोग गर्दै आएको बास्तोलाले बताए।

तरकारीखेतीका लागि आवश्यक सिँचाइको पानी वेगनाश नहरबाट मोटरको सहायताले तान्दा खर्चिलो हुने गरेको बताउँदै उनले टनेललगायत आवश्यक संरचना तयार गर्दा अहिलेसम्म रू १३ लाख लगानी भएको जानकारी दिए।

"तरकारी लगाएर बचेको जग्गामा धानखेती गर्दा ५६ मुरी उत्पादन भएको थियो।

परिवारलाई एक वर्षलाई खान पुग्ने मनसुली धान राखेर बढी मूल्य पर्ने १७ मुरी जेठोबुढो धान बिक्री गर्दा रू ९० हजार आम्दानी भएको छ", बस्तोलाले भने, "उत्पादित पराल गोठमा रहेका गाईलाई पुग्दछ।"

# रोगले अदुवा सखाप, विकल्प खोज्दै किसान



टुडे समाचारदाता

इलाम । इलाममा रोगका कारण अदुवा उत्पादनमा ह्रास आएको छ । सुरुआतमा अदुवाको गानो कुहिने र पछि बोट मर्न थालेपछि यहाँका अदुवा उत्पादन गर्ने किसान मारमा परेका छन् । रोगले अदुवाका बोट मर्न थालेपछि जिल्लाका अधिकांश किसानले अदुवा खेती गर्न छोडेका छन्।

अदुवा इलामवासीको जीविकोपार्जनको गतिलो माध्यम हो। तर रोगका कारण किसानले अदुवा खेती गर्न छोड्दै गएका माइजोगमाई गाउँपालिका-३ का किसान मिलन खड्काले बताए । "इलामका किसानको आम्दानीको स्रोत अदुवा हो, यसबाट हुने आम्दानीले घर खर्च चलाउँदै आएका छौँ, तर पछिल्लो समय रोगका कारण समस्यामा छौँ", उनले भने, "अधिकांश किसानको रोजीरोटी धरापमा परेको छ।"

अदुवामा गानो कुहिने, गबारो, पात बेरुवालगायत रोगको सङ्क्रमण देखिएको किसान रघुनाथ अर्यालले बताए। "सुरुमा गानो कुहिने र पछि पहेँलिँदै क्रमशः बोट मर्ने गरेको छ", उनले भने। अदुवाका लागि गानो कुहिने रोग सबैभन्दा हानिकारक मानिन्छ । गानो कुहिने रोगले अदुवाको फल नै सखाप पार्छ।

अदुवा खेती गर्दै आएका किसान जगनाथ अधिकारी भन्छन्, "रोप्नुअघि नै बीउ गानोमा ढुसीको सङ्क्रमण भइरहेको छ, उम्रिने बित्तिकै टुसा मर्छ।" अन्यत्रबाट बीउ ल्याएर खेती गरे रोगबाट मुक्ती पाउन सकिने अधिकारीको भनाइ छ।

मसला र ओषधिजन्य प्रयोगका लागि भारतमा निर्यात भइरहेको अदुवा किसानले ठाउँ र बीउ फेरेर रोप्दा पनि उम्रने वित्तिक्कै मर्न थालेपछि किसानले वैकल्पिकरुपमा एभोकाडो, ड्रागनलगायतको खेती गर्न थालेका छन्।

उत्पादन घटेपछि अदुवा व्यापारी वैकल्पिक उपाय खोज्न थालेका व्यापारी जीवन पोखरेल बताउछन् । उनी अदुवाको कारोबार छोडेर तीन वर्षयता कुचो र अलैँचीको व्यापारमा लागेका छन्।

चार नगरपालिका र छ गाउँपालिका भएको इलामका प्रायःजसो सबै ठाउँमा अदुवा खेती गरिँदै आएको छ। रोगका कारण पछिल्लो समय यसप्रति किसानको आकर्षण घटेको छ।

स्थानीय, प्रदेश र सङ्घीय सरकारले अदुवा किसानका समस्या पहिचान गरी समाधानको उपाय खोज्न आवश्यक छ । प्रोत्साहनस्वरुप आवश्यक अनुदान उपलब्ध गराउन पनि किसानले माग गरेका छन्। खाद्यान्न बाली मासेर अदुवा खेती गरेका किसान रोगले सखाप पारेपछि चिन्तित भएका छन्।

इलाममा अदुवाको उत्पादन, उत्पादकत्व र क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाले बताए । गत वर्ष ५० हजार नौ सय ५५ मेट्रिक टन अदुवा उत्पादन भएको इलाममा यस वर्ष ५० हजार छ सय २० मेट्रिक टन मात्र उत्पादन भएको उनले जानकारी दिए।

"उत्पादकत्व र रोपण क्षेत्रफल पनि घटेको छ", प्रमुख बर्देवाले भने। किसानले गत वर्ष तीन हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा अदुवा लगाएकामा यस वर्ष तीन हजार दुई सय दश हेक्टरमा मात्र खेती गरेका उनले बताए।

> इलाममा अदुवाको उत्पादन, उत्पादकत्व र क्षेत्रफल घटेको कृषि ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाले बताए । गत वर्ष ५० हजार नौ सय ५५ मेट्रिक टन अदुवा उत्पादन भएको इलाममा यस वर्ष ५० हजार छ सय २० मेट्रिक टन मात्र उत्पादन भएको उनले जानकारी दिए ।

# वडाध्यक्ष छुटाउन मेयरद्वारा चक्का जाम



टुडे सामचारदाता

सिरहा । सिरहा कमला नदी स्थित चुरे संरक्षित क्षेत्र र वन क्षेत्रमा अवैध उत्खनन गराएको आरोपमा पक्राउ परेका कर्जन्हा नगरपालिका-१ का वडाध्यक्ष फणीन्द्र पोखरेललाई थुनामुक्त गर्नु पर्ने माग सहित सिरहाको बन्दीपुरमा चक्का जाम गरिएको छ। कर्जनहा नगरपालिकाका मेयर भोला पोखरेलको नेतृत्वमा पूर्व पश्चिम राजमार्ग अवरुद्ध पारियो।

राजमार्ग अवरुद्ध भएको कारण यातायातका साधनहरू सयौंको संख्यामा लामबद्ध भएर रोकिएका थिए भने हजारौं यात्रुहरूले असुविधाको सामना गर्नु परेको थियो । मेयर पोखरेलले नेतृत्व गरेको समूहले कर्जन्हा नगरपालिका-१ स्थित इलाका वन कार्यालय बन्दीपुर घेराउ गरी कार्यालय खाली गर्न र कर्मचारीहरूलाई बाहिर निस्किन दबाब दिइरहेका छन् ।

वन कार्यालयका कर्मचारी र त्यहाँ रहेको हतियार समेत असुरक्षित भएपछि वन कार्यालयले जिल्ला प्रहरी कार्यालय सिरहासँग सुरक्षा माग गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बुले वन कार्यालयको सुरक्षाका लागि पर्याप्त सुरक्षाकर्मी परिचालन गरिएको बताए। उनले सहमतिमा सडक नखुले बल प्रयोग गरेर भए पनि राजमार्ग सञ्चालनमा ल्याइने बताएका छन् । लिम्बुले तनाव बढाउन खोज्नेलाई नियन्त्रण गरिने बताए।

यस सम्बन्धमा डिभिजनल वन कार्यालय लहानका प्रमुख सुजित कुमार झासँग सम्पर्क गर्दा उनले भने कानुन बमोजिम अनुसन्धान तथा तहकिकातका लागि थुनामा रहेका वडाध्यक्षलाई थुनामुक्त गर्न मेयरले उत्तेजना बढाउने गलत बाटो अख्तियार गरेको बताए । 'दबाब दिएर गैर कानुनी रूपमा वन कार्यालयलाई निस्तेज पार्ने प्रयास भइरहेको छ,' झाले भने, 'बन्दीपुर स्थित इलाका वन कार्यालयमा तोडफोड गर्ने सरकारी कार्यालय खाली गराउने तथा कर्मचारीहरूलाई असुरक्षित बनाउने कार्य भइरहेको छ।'

यता सिरहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले भने, 'डीएफओले अधिकार क्षेत्र नाघेर वडाध्यक्षलाई थुनेकोले स्थिति बिग्रेको हो । वनलाई वन क्षेत्रको मुद्दा हेर्ने अधिकार मात्र छ । निजी जग्गाको मुद्दा नगरपालिका आफैले हेर्छ। शान्ति सुरक्षाको व्यवस्था मिलाएका छौं । वन कार्यालयले वडाध्यक्ष पोखरेललाई तुरुन्त रिहा गर्नुपर्छ।'

यसबारे कर्जन्हा नगरपालिकाका मेयर पोखरेलसँग बुझ्न खोज्दा उनले डिभिजन वन कार्यालय लहानमा शुक्रबार मेरो सरकारी गाडी कम्पाउन्डबाट बाहिर निकाल्न लगाइएको बताए । 'मेयरको अपमान गरियो । हाम्रो वडाध्यक्षलाई गैर कानुनी थुनामा राखेको छ । त्यसकारण हाम्रो नगरपालिकाको जग्गामा हामी वनको कार्यालय राख्न दिन्नौं,' उनले भने, 'हामीलाई वन कार्यालय लहानको कम्पाउन्डबाट निकालेकोले हामीले पनि आफ्नो पालिकामा बस्न नदिने भनेका छौं।'

सडक जाम गराउनु अराजकता भयो नि भन्ने प्रश्नमा मेयर पोखरेलले वडाध्यक्ष पोखरेल थुनामुक्त नभएसम्म राजमार्ग जाम रहने बताए । यसैबिच स्थानीय अभियन्ता भरत साहले भने अवैध उत्खननको आय खान पल्केका मेयरसहितका समूहहरूले वितण्डा मच्चाएर वन कार्यालयको अभियान असफल बनाउन खोजेको आरोप । चुरे तथा वन क्षेत्रको अवैध दोहन रोक्ने डिभिजन वन कार्यालय लहानको समर्थनमा जनताले छिट्टै सडक अवरुद्ध बनाउने उनले चेतावनी दिए।

## चुरे उत्खननको सिफारिस गरेको आरोपमा पक्राउ परेका वडाध्यक्ष रिहा

टुडे समाचारदाता



सिरहा । चुरे तथा वन क्षेत्रमा अवैध रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न ठेकेदारलाई सिफारिस दिएको आरोपमा डिभिजन वन कार्यालय लहानले पक्रउ गरेका कर्जन्हा नगरपालिका-१ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेललाई शनिबार रिहा गरेको छ।

मेयर पोखरेल सहित उनका समर्थकहरुले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेपछि बाध्य भएर वडाअध्यक्ष पोखरेललाई रिहा गरेको हो।


यही पुस ७ गते कर्जन्हा-१ बल्टियास्थित चुरे वन क्षेत्रभित्रको कमला नदीको बगरमा डोजर प्रयोग गरी अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन कार्यमा ऐन, कानुन विपरीत सिफारिस सहयोग गरेको प्रमाण भेटिएपछि वनले वडाध्यक्ष पोखरेललाई पक्राउ गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीले जानकारी दिए।

सूचना अधिकारी चौधरीका अनुसार पक्राउ परेका अध्यक्ष पोखरेललाई थप अनुसन्धानका लागि डिभिजन वन कार्यालयको हिरासतमा राखिएको छ। यसै मुद्दामा बिहीबार डिभिजन वन कार्यालयले कर्जन्हा-७ स्थित कमला नदी किनारमा कम्लेश्वरी कमला क्रसरका सञ्चालक मोहम्मद खलिल राइनलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ।

पुस ७ गते वन क्षेत्रमा पर्ने कमला नदी किनारबाट उत्खनन गरिरहेको अवस्थामा एक थान डोजरसहित चालक प्रदीपकुमार दर्लामी र स्थानीय ठेकेदार निरज बस्नेतलाई पनि वन कार्यालयले नियन्त्रणमा लिइएको थियो । नियन्त्रणमा लिइएकाहरूलाई डिभिजन वन कार्यालयको हिरासतमा राखिएको छ। उनीहरुविरुद्ध चुरे संरक्षित क्षेत्र तथा वन क्षेत्रमा अवैध उत्खनन गरेको कसुरमा मुद्दा चलाइने सूचना अधिकारी चौधरीले जानकारी दिए।

# खेलकुद मन्त्रालय अलपत्र चिया पनि उधारोमा

टुडे समाचारदाता



जनकपुरधाम । मन्त्रालयमा मन्त्री छन्, सचिवदेखि अन्य कर्मचारीहरू छन् तर एक सुको बजेट छैन । जहाँ मन्त्री चढ्ने गाडीको इन्धनदेखि मन्त्रालयको दैनिक खर्च हुने चियापानी पनि उधारोमा हुन्छ। सुन्दा पत्यार नलाग्न सक्छ। तर यो वास्तविकता हो मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयको।

बिनाविभागीय मन्त्री सुरिता साहलाई व्यवस्थापन गर्न मुख्यमन्त्री सरोज कुमार यादवले तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई टुक्र्याए शिक्षा तथा साँस्कृतिक मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाए। सत्तारुढ गठबन्धन दलको भागवण्डमा सो मन्त्रालय जनमत पार्टीको भागमा पऱ्यो। तर झण्डै दुई महिना बिनाबिभागीय मन्त्री रहेकी साहलाई मुख्यमन्त्री यादवले व्यवस्थापन गर्न जनमत पार्टीका नेता महेश प्रसाद यादवले सम्हालेको तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई टुक्र्याए।

मन्त्रालय टुक्र्याएलगत्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले दुवै मन्त्रालयको कार्यविभाजन पनि पठायो । तर मन्त्रालय टुक्र्याएको झण्डै चार महिना हुन लाग्दा पनि अहिलेसम्म ती मन्त्रालयको खातासमेत खुल्न सकेको छैन । न दरबन्दीअनुसारका कर्मचारी नै छन्।

मन्त्रालयका सचिव चुडामणि फुयाँलले भने, 'कर्मचारीको समस्या त सबै मन्त्रालयमा छ तर यहाँ त अहिलेसम्म एक सुको बजेट पनि छैन । बजेट आएपछि त्योअनुसार कार्यहरू अगाडि बढाइन्छ। अहिले भएका कर्मचारीहरूलाई पनि कुनै काम छैन। बजेट कार्यान्वयनको बेलामा हामी सामाजिक विकास इकाइको निर्देशिका बनाईरहेका छौं । तर बजेट कहिले आउने अहिलेसम्म ठेगान छैन, फेरि ढिलो गरी आए कार्यान्वय कसरी हुन्छ ?'

महिला बालबालिका तथा समाज कल्यणको क्षेत्रमा दातृ निकायबाट हुने काम पनि प्रभावित भएको मन्त्रालयका एक कर्मचारीले बताए। उनले भने, 'चालु आर्थिक वर्षको ६ महिना पुग्न लाग्यो। यस्तै अन्योलमा रह्यो भने खेलकुद मन्त्रालयको धेरै कार्यक्रम नै गर्न नसकेर बजेट नै फ्रिज हुन सक्छ।' यी दुई मन्त्रालयमा दुई पार्टीका मन्त्रीहरू छन्, त्यसकारण यसमा राजनीतिक द्वन्द्व देखिएको उनको भनाइ छ। उनले भने,' यस विषयमा मुख्यमन्त्रीले पहल गर्नु आवश्यक छ।'

मन्त्रालयमा व्यवस्थापन गरेको कार्पेट, कुर्सी टेबुल, फर्निचर, पर्दा लगायतको सामान उधारो नै ल्याइएको सचिव फुयाँलले बताए । मन्त्रालयको आफ्नै खाता सञ्चालन भएको छैन र बजेट चलाउने पीएलएमबीएस कोड पनि अर्थ मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध हुन सकेको छैन।

खेलकुद तथा समाज कल्याण मन्त्रालयमा आनुपर्ने महिला बालबालिका तथा समाज कल्यण महाशाखका केही कर्मचारी अझै पनि शिक्षा तथा साँस्कृतिक मन्त्रालयमै रहेका छन् । स्रोतका अनुसार शिक्षा तथा साँस्कृतिकमन्त्री महेश प्रसाद यादवले ती कर्मचारीहरूको रमना नदिन सचिव लक्ष्मी भट्टराईलाई दबाब दिइरहेका छन्।

मुख्यमन्त्री यादवले मन्त्रालय टुक्र्याएदेखि मन्त्री यादव असन्तुष्ट छन् । त्यही असन्तुष्टिका कारण मन्त्री यादवले अहिलेसम्म खेलकुद तथा समाज कल्याण मन्त्रालयको भागमा परेका योजना तथा कार्यक्रमहरू हस्तान्तरण गर्न ढिलाइ गरिरहेको स्रोतले बतायो। खेलकुद तथा महिला बालबालिका, युवा तथा समाज कल्याणतर्फको बजेट पनि अर्थ मन्त्रालयले अहिलेसम्म खेलकुद तथा समाज कल्याण मन्त्रालयमा पठाएको छैन। यता, शिक्षा तथा साँस्कृतिक मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले मन्त्रालय विभाजन र कार्यक्षेत्र विवादको कारण समस्या भएको बताए । उनले मन्त्रालयहरूको कार्य विभाजन तथा कार्य क्षेत्र राजनीतिक मुद्दा भएकोले त्यसमा आफूले केही भन्न नसक्ने बताए। एक वर्षअघि सामाजिक विकास मन्त्रालय टुक्र्याएर शिक्षा तथा समाज कल्याण मन्त्रालय बनाइएको थियो। त्यसपछि ७ औंपटक मुख्यमन्त्री यादवले सरकार विस्तार गर्दा शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई टुक्राएर थप खेलकुद तथा समाजकल्याण मन्त्रालय बनाएका थिए।

यता, बजेटका लागि पटक-पटक ताकेता गर्दा केही दिनअघि अर्थ मन्त्रालयले मन्त्रालयको व्यवस्थापनका लागि पहिलो चरणमा २ करोड रुपैयाँ मन्त्रालयको नाममा विनियोजन गरे पनि मन्त्रालयको आर्थिक कारोबार गर्ने कोड उपलब्ध नगराउँदा सो रकम पनि निकासा हुन नसकेको खेलकुद तथा समाज कल्याणमन्त्री साहले बताइन्।

'तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालय टुक्राएर दुई नयाँ मन्त्रालय बनाइयो', मन्त्री साहले भनिन्, ' अब शिक्षा तथा समाज कल्याण मन्त्रालय रहेनन्, यस्तो अवस्थामा खेलकुद मन्त्रालयको आर्थिक कारोबार गर्न नयाँ कोड चाहिन्छ। तर शिक्षा तथा साँस्कृतिक मन्त्रालयले नयाँ कोड नै नलिई तत्कालीन शिक्षा तथा समाज कल्यण मन्त्रालयको कोडले काम गरेर आर्थिक शुसानलाई खिल्ली उडाइरहेको छ।'

गत वर्ष मंसिरको प्रदेशसभा निर्वाचनमा स्वतन्त्र हैसियतमा जितेर जसपा प्रवेश गरेकी सुरितालाई मुख्यमन्त्री यादवले सुरुमा सामाजिक विकास मन्त्री बनाएका थिए । त्यसपछि कांग्रेसलाई सरकारमा सामेल गराउँदा मन्त्री साह बिना विभागीय मन्त्री भएकी थिइन्।

शिक्षा तथा साँस्कृतिकमन्त्री यादव भने खेलकुद मन्त्रालयले प्रक्रिया पूरा गरेर शाखा आफू मातहत लान सक्ने बताए। 'टिप्पणी उठाएर सम्बन्धित मन्त्रालयबाट पत्र आउनुपऱ्यो नि, हाम्रो यो यो कुरा छ पठाइदिनुपऱ्यो भनेर । तर अहिलेसम्म आएको छैन', मन्त्री यादवले भने।

दुई मन्त्रालयबीच अधिकार क्षेत्रको विवाद हुनुको मुख्य कारण मन्त्रीका दलहरू जसपा र जनमतबीचको द्वन्द्व रहेको कर्मचारीहरूको भनाइ छ । राजनीतिक द्वन्द्वले नै यस्तो परिस्थिति आएकोले यसको समाधान मुख्यमन्त्रीले नै गर्नुपर्ने उनीहरू बताउँछन्।

# सखी बहिनपा मिथिलानी समूहको अन्तर्राष्ट्रिय सम्मेलन सुरु

टुडे समाचारदाता



जनकपुरधाम। मिथिला समाजको भाषा संस्कृति तथा उद्यमको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा दुई दिने सखी बहिनपा मिथिलानी समूहको अन्तर्राष्ट्रिय सम्मेलन सुरु भएको छ।

'गाम गाम नगर नगर गली गली, मैथिली संग हमसभ अनवरत रही' मूल नाराका साथ जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक केन्द्रमा आयोजना गरिएको उक्त सम्मेलनमा नेपाल, भारत, तथा दुबईबाट सखी बहिनपामा आबद्ध महिलाहरूको सहभागिता रहेको छ। सम्मेलनमा महिलाहरूमा भएको ज्ञान, सीप तथा कलाको माध्यमले वस्तुको उत्पादन तथा बजारीकरण गरी आत्मनिर्भर बनाउने विषयमा परामर्श गरिने आयोजक संस्था सखी बहिनपा मिथिलानी समूहकी अध्यक्ष आरती झाले बताइन्।

सम्मेलनमा महिला सशक्तीकरणका विभिन्न विषयहरूमा कार्यपत्र प्रस्तुत गरेर त्यसमाथि छलफल तथा संवाद गर्ने आयोजकले जनाएको छ । कार्यक्रममा महिला समूहले मिथिला पेन्टिङमा ख्याती कमाउन सफल मिथिलेश्वरी कर्ण, गायिका शान्ति सदा तथा वरिष्ठ साहित्यकार हिमांशु चौधरीलाई दोसल्लासहित सम्मान पत्रद्वारा सम्मान गरिएको छ।

दुई दिन सम्म चल्ने सो सम्मेलनको पहिलो दिन प्रभातफेरी, सम्मान कार्यक्रम, विमर्ष, विभिन्न इकाइहरु संग सखीहरुको प्रस्तुती, पमरिया, मिथिला नाट्यकला परिषद्को प्रस्तुती सम्पन्न भयो भने दोस्रो दिन महिला कवि गोष्ठी र सांस्कृतिक कार्यक्रम गरी सम्पन्न हुने जनाइएको छ।

महासम्मेलनमा घर घरमा महिलाहरूले उत्पादन गर्ने गरेको अदौरी, तिलौरी, चनौरी, पापड, पिठौरी, दनौरी, अरिकोच तथा विभिन्न प्रकारका अचारहरू प्रदर्शनमा राखिएको छ । त्यस्तै, नेपाल तथा भारतका विभिन्न भूभागबाट आएका महिलाहरूले मिथिलाको साँस्कृतिक वेषभूषा तथा पहिरनसमेत प्रदर्शनमा राखिएको छ।

महासम्मेलनमा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राम भरोस कापडि, अधिवक्ता श्याम कुमार मिश्र लगायतका वक्ताहरुले मिथिलाको संस्कृति र परम्परालाई संरक्षण सम्वर्द्धनकालागि सखी बहिनपाले खेलेको भूमिकाको प्रशंसा गरेका थिए।

# नेपाल रेल्वेको तेस्रो चरणको ट्र्याक निर्माणको लागि सर्वेहुँदै

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको भंगहादेखि बर्दिवास सम्म १७ किलो मिटर रेल्वे ट्र्याक निर्माणको लागि लोकेसन अनुसारको सर्वेको काम भइरहेको छ।

मुआब्जा वित्तरणमा ढिलाई भएको कारण सर्वे काममा ढिलाइ हुन पुगेको थियो। तर, अहिले नेपाल र भारतीय प्राविधिक टोलीले संयुक्त रुपमा सर्वेको कामलाई गती दिएका छन् । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा भारतको जयनगरदेखि महोत्तरीको बर्दिवास सम्म ६९ किलोमिटर रेल्वे ट्र्याक निर्माण गर्ने विषयमा सन् २०१० मै दुईदेशिय सहमति भएको थियो।

नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवको पहलमा जयनगरदेखि बर्दिवास सम्म तीन चरणमा रेल्वे ट्र्याक निर्माण गर्ने दुई देशिय सहमति भएको थियो। पहिलो जयनगरदेखि कुर्था सम्म ३५ किलो मिटर, दोस्रो चरणमा कुर्थादेखि महोत्तरीको भंगहा सम्म १७ किलो मिटर रेल्वे ट्र्याक निर्माण भईसकेको छ । अहिले जयनगरदेखि भंगहा सम्म ५२ किलो मिटर ट्र्याकमा नेपाल सरकारले आफैले खरिद गरेको रेल्वे सञ्चालन भइरहेको छ।

तेस्रो चरण अन्तर्गत भंगहादेखि बर्दिवास सम्मको ट्र्याक निर्माणको लागि अहिले दुई देशको प्राविधिक टोलीले सर्वे गरिरहेको रेल्वे विभाग साईड कार्यालय जनकपुरधामका ईन्जिनियर बिनोद ओझाले जानकारी दिए। सो ट्र्याक निर्माणका लागि नेपाल सरकारले भारतीय पक्षलाई जग्गा उपलब्ध गराई सकेको छ।

भंगहादेखि बर्दिवास सम्म १७ किलो मिटर लामो ट्र्याक निर्माणका लागि नेपाल सरकारले १ सय २३ विघा जग्गा अधिग्रहण गरेको छ । १२३ विघा जग्गाको झण्डै एक हजार किताजग्गा अधिग्रहण गरिएको इन्जिनयर ओझाले बताए।

अधिग्रहण गरिएका जग्गा मध्ये ८० प्रतिशत भन्दा जग्गाको झण्डै २ अर्व ३० करोड रकम मुअब्जा वापत किसानहरुलाई वित्तरण गरिसकेको उनले बताए । ट्र्याक निर्माणगर्ने जग्गामा परेको भौतिक संरचना घर, पसलतथा रुखहरुको क्षतिपुर्तिको विवरण अहिले संकलनको कार्य भईरहेको उनले बताए । सर्वेको काम सम्पन्न पश्चात भारतीय पक्षले निर्माण कार्य थाल्ने उनले बताए। निर्माण कार्य सुरु भएदेखि तीनवर्ष भित्रमा ट्र्याक निर्माणको काम पुरा हुने भारतीय पक्षले दावि गरेको छ।

भारत सरकारको स्वामित्वको भारतीय रेल कम्पनि इरकोनले गरिरहेको छ। उक्त ट्र्याक निर्माणको क्रममा महोत्तरीको रातु नदि र बरहडी खोलमा ठुलो पुल र दर्जनभन्दा बढी सानो पुलनिर्माण गर्नुपर्ने हुन्छ । तिपुलहरु पनि भारतीयपक्षले निर्माण गर्ने उनले बताए।

त्यस्तै, भंगहा देखि बर्दिवास सम्मविभिन्न स्थानमा स्टेशन र हल्ट निर्माण गर्नुपर्ने हुन्छ। उक्त स्टेशन र हल्ट निर्माण पनि भारतीय पक्षले नै गर्नेछ। तर अहिले सम्म भंगहादेखि बर्दिवास सम्मकति वटा रेल्वे स्टेशन र कति वटा हल्ट निर्माण हुने अहिले यकिनहुन सकेको छैन।

## नेपाली रेल्वेलाई अयोध्यासम्म सञ्चालन गर्न माग

टुडे समाचारदाता

जनकपुरधाम । भारत अयोध्याको राम मन्दिरको प्राण प्रतिष्ठालाई मध्यनजर गर्दै नेपाल रेल्वेलाई जनकपुरधाम-अयोध्या सञ्चालन गर्न माग गरिएको छ।

राम मन्दिरको प्राण प्रतिष्ठालाई लिएर नेपाली जनतमा उत्साहदेखिएको भन्दै सीता जीको जन्मभूमि जनकपुरधामदेखि रामको जन्मभूमि अयोध्या सम्म रेल सञ्चालन गर्नका लागि नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पत्र लिएर पुगेका छन्।

पत्रमा राम मन्दिरको प्राण प्रतिष्ठाको अवसरमा नेपाल रेल्वेलाई अयोध्या सम्म सञ्चलानको लागि भारतसँग अनुरोध गर्ने उल्लेख गरिएको छ। भारत सरकारले नेपालको रेललाई अयोध्या सम्म संचालन गर्न अनुमति नभएको खण्डमा भारतकै रेल्वेलाई जनकपुरधाम सम्म राम मन्दिरको प्राण प्रतिष्ठाको लागि विशेष रुपमा सञ्चालन गर्न पनि महाप्रबन्धक झाले भौतिक पूर्वाधार मन्त्रालय मार्फत भारतीय पक्षसँग आग्रह गरेका छन्।

# प्रयोगशालासहितको कृषि तथा पशु सेवा केन्द्र निर्माण गर्न प्रधानमन्त्रीसँग माग

टुडे समाचारदाता

बारा । जीतपुरसिमरा उपमहानगरका नगरप्रमुख राजन पौडेलले उपमहानगरभित्र प्रयोगशालासहितको एकीकृत कृषि तथा पशु सेवा केन्द्र निर्माण गरिदिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग आग्रह गरेका छन् । माओवादी पार्टीको मधेस प्रदेश भेलामा नगरप्रमुख पौडेलले बाराको जीतपुरसिमरामा आधुनिक प्रयोगशाला सहितको पशु तथा कृषि सेवा केन्द्र निर्माण गरिदिन लिखित रूपमै आग्रह गरेका हुन्।

यसअघि पुस १० गते प्रधानमन्त्री प्रचण्डले राष्ट्रको नाममा सम्बोधन गर्ने क्रममा आगामी असार मसान्त सम्म देशभर ३० वटा प्रयोगशाला सहितको कृषि तथा पशु सेवा केन्द्र निर्माण सम्पन्न गर्ने घोषणा गरेका थिए।

सोही घोषणाको आधारमा नगरप्रमुख पौडेलले प्रधानमन्त्रीलाई भेटेर सरकारको किसानमैत्री लोकप्रिय कार्यक्रम भएकोले एउटा कार्यक्रम उपमहानगरलाई प्रदान गर्न प्रस्ताव गरेका हुन् । नगरप्रमुख पौडेलले प्रधानमन्त्रीले देशभर ३० स्थानमा प्रयोगशाला सहितको एकीकृत पशु तथा कृषि सेवा केन्द्र निर्माण गर्ने घोषणा गरेकोले सो कार्यक्रम जीतपुर सिमराका पनि आवश्यक भएको बताएका छन्। प्रयोगशाला सहितको कृषि तथा पशु सेवा केन्द्र निर्माणमा कति बजेट आवश्यक हुन्छ, संरचना कस्तो बन्ने भन्ने विषयमा भने अहिले टुङ्गो भई नसकेको नगरप्रमुख पौडेलले जनाएका छन्।

उनले प्रधानमन्त्रीलाई बुझाएको प्रस्तावमा जीतपुर सिमरा उपमहानगरले पशुपालन, माछा, तरकारी, धान, उखु गहुँ खेती, लगायत कृषि उत्पादनमा महत्त्वपूर्ण योगदान दिँदै ठुलो परिणाममा निकासी समेत भइरहेको जनाएका छन्।

'देशको सबैभन्दा ठुलो र पुरानो पाडा, राँगा बजार यसै उपमहानगरमा छ, यहाँ दैनिक २५ हजार लिटर दूध उत्पादन भएर काठमाडौं लगायतका देशभरका ठुला सहरहरूमा निकासी हुने गर्दछ' प्रस्तावनामा उल्लेख छ 'गुणस्तरीय तरकारी उत्पादन भई राजधानीमा सहज पहुँच समेतका लागि काठमाडौं महानगर र जीतपुर सिमरा उपमहानगरबिच भगिनी सम्बन्ध स्थापित भैसकेको छ। तर पशु चौपाया माछा तथा कृषि वाली लगायतमा बेला बेलामा लाग्ने रोगको पहिचान र उपचार प्रविधि र प्रयोगशालाको कमीले समयमा हुन नसकी किसानलाई ठुलो नोक्सानी हुने गरेको छ।'

पूर्व-पश्चिम राजमार्ग तथा बारा-पर्सा औद्योगिक कोरिडोरसँग जोडिएको यो पालिकाको अधिकांश वडाहरू ग्रामीण भेगमा पर्दछ। ग्रामीण भेगमा ती वडाहरूमा स्थानीयहरूको मुख्य पेसा खाद्य वाली उत्पादन, तरकारी खेती, माछा पालन, पशुपालन लगायत रहेको छ । नगरप्रमुख पौडेलले उपमहानगरभित्र एउटा आधुनिक प्रयोगशाला नहुँदा साह्रै समस्या भएकोले केन्द्रीय सरकारसँग सहयोग माग्नु परेको बताएका छन्।

काठमाण्डुमा आयोजित माओवादी केन्द्रको बैठकमा मधेस प्रदेशमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, आयोग सदस्य र केन्द्रीय सल्लाहकारमा सहभागी भएका थिए। पार्टी केन्द्रीय सचिव एवं प्रदेश इन्चार्ज लीलामणि पोखरेलको अध्यक्षतामा भएको बैठकमा पार्टी अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड सहभागी थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८